# वर्गदृष्टि

Bargadristi Weekly साप्ताहिक

वर्ष १ अङ्क ३३ | २०७३ फागुन ९ गते सोमबार | Monday, Feb; 20, 2017 | पृष्ठ ८ | मूल्य रु. १०।-


## सानुकाजीप्रति हार्दिक श्रद्धाञ्जली व्यक्त



काठमाडौं। नेवाः जातीय एवम् भाषिक आन्दोलनमा सक्रिय रहँदै आएका सानुकाजी महर्जनको असामयिक निधनप्रति नेवाः राष्ट्रिय मुक्ति मोर्चाले हार्दिक श्रद्धाञ्जली व्यक्त गरेको छ। मोर्चाका अध्यक्ष पवनमान श्रेष्ठले एक शोक वक्तव्य जारी गर्दै श्रद्धाञ्जली व्यक्त गरेको छ। शोक वक्तव्यमा भनिएको छ, "फाल्गुन ०८ गते विहान ७ बजे नेवाः राष्ट्रिय मुक्ति मोर्चा नेपालका केन्द्रीय सदस्य सानुकाजी महर्जनको ३९ वर्षको अल्पायुमा असमायिक निधनले सम्पूर्ण भाषिक तथा जातीय मुक्ति आन्दोलनमा पनि अपुरणीय क्षति पुगेको छ। हाम्रो मोर्चा उहाँको असामयिक निधनप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछ। यस शोकपूर्ण घडीमा उहाँको शोकसंतप्त परिवारप्रति गहिरो समवेदना प्रकट गर्दछ। साथै, नेवाः राष्ट्रिय मुक्ति मोर्चा, नेपाल उहाँले छोडेर जानुभएको भाषिक तथा नेवा जातिय मुक्ति आन्दोलनको बाँकी कार्यभार प्रतिबद्धता जाहेर गर्दछ।"

## क्रान्तिकारी माओवादीले देशैभर मनायो

# अक्टोबर क्रान्तिको शतवार्षिकी

◆ वर्गदृष्टि संवाददाता

काठमाडौं। सन् १९१७ अक्टोबरमा रुसमा कम्युनिस्ट पार्टीको नेतृत्वमा महान् समाजवादी क्रान्ति सम्पन्न भएको एक सय वर्ष पूरा भएको अवसरमा नेपाली सर्वहारावर्गको अग्रदस्ताको रूपमा रहेको नेकपा (क्रान्तिकारी माओवादी)ले देशैभर विभिन्न कार्यक्रम गरी ५ फाल्गुन, २०७३ मा महान समाजवादी अक्टोबर क्रान्तिको शतबार्षिकी मनाएको छ।

पार्टीको नेवा राज्यले जनयुद्ध दिवससँगै अक्टोबर क्रान्तिको शतबार्षिकी मनायो भने तमुवान राज्यले ५ फाल्गुनमा कास्कीको पोखरामा वृहद् अन्तर्क्रियाको आयोजना गर्‍यो। पोखराका मार्क्सवादी चिन्तक, विश्लेषक रूपमा ख्याती कमाएका विद्वान व्यक्तित्वहरूलाई एकै ठाउँमा जम्मा गरेर सघन वैचारिक विमर्श चलाइयो।

पोखराबाट हाम्रा सहकर्मीले पठाएको समाचार अनुसार पार्टीको तमुवान राज्य समितिले 'महान अक्टोबर समाजवादी क्रान्तिको शतबार्षिकी' शीर्षकको व्यानरमा आयोजना गरेकोअन्तर्क्रियामा ... बाँकी ७ पेजमा



### पोखरामा वृहत् अन्तर्क्रिया सम्पन्न

पोखरा। पोखराको रंगशाला गेट अगाडि पञ्चकोशी (आर्थर डाँडाखर्क) तमु समाजको हलमा एक वृहद् अन्तर्क्रिया कार्यक्रम सम्पन्न गरिएको छ। 'महान अक्टोबर समाजवादी क्रान्तिको शतवार्षिकी' शीर्षकको अन्तर्क्रिया कार्यक्रममा पोखराका सबै बुद्धिजीवि, नागरिक अगुवा, राजनीतिक पार्टीका नेताहरू, पुराना वामपन्थी नेताहरू र क्रान्तिकारी माओवादीका नेता कार्यकर्ताको खचाखच उपस्थिति रहेको अन्तर्क्रिया कार्यक्रममा बरिष्ठ मार्क्सवादी चिन्तकहरू अधिवक्ता तिलक पराजुली, डा.कृष्णराज अधिकारी, गण्डकका बाम आन्दोलनका धरोहर शेषमणि आचार्य, रामराज रेग्मी, पुष्पकमल सुवेदी प्रतिष्ठानका अध्यक्ष शुक्रराज सापकोटा, पिएन क्याम्पसका प्राध्यापकहरू परशुराम कोइराला, यादवराज उपाध्याय, अधिवक्ता महेन्द्रमान बेथित, साहित्यकर्मी पोसराज पौडेल, मानवअधिकारकर्मी टेकनाथ बराल, विभिन्न संघ, संगठनका तर्फबाट बामपन्थी बुद्धिजीवि पुर्ण ढुंगाना, विप्लव माओवादीका मिलन राई, जनमोर्चाका शंकर बराल, मालेका नेत्र भण्डारी, दलित ... बाँकी ७ पेजमा

### 'राष्ट्रियताको किरण छरौं ! अखिल (क्रान्तिकारी)लाई मतदान गरौं !!'



काठमाडौं। नेकपा (क्रान्तिकारी माओवादी) निकट अखिल (क्रान्तिकारी) सम्पूर्णरूपले आसन्न स्ववियू निर्वाचनमा जुटेको छ। 'सर्वसुलभ, रोजगारमूलक र वैज्ञानिक शिक्षा हाम्रो प्रतिबद्धता

निष्पक्ष, भ्रष्टाचारमुक्त स्ववियू आजको आवश्यकता' भन्ने मूल नारा र 'राष्ट्रियताको किरण छरौं, अखिल (क्रान्तिकारी)लाई मतदान गरौं !' भन्ने अपीलका साथ अखिल (क्रान्तिकारी) चुनावमा होमिएको छ। देशैभर र उपत्यकाका सबै क्याम्पसहरूमा उम्मेदवारी दिने अन्तिम तयारी गरेको क्रान्तिकारीले ठूला दल निकटका विध्यार्थी संगठनहरूले सिण्डिकेट लादिएको भन्दै तिव्र विरोध गर्दै आएको छ। हालै राष्ट्रिय भेला सम्पन्न गरेको अखिल (क्रान्तिकारी)ले अहिले सिंगो संगठनलाई देशैभरि चुनावमा लगाउने भएको छ।

## माकेका दर्जनौं मजदुर नेताहरू

# क्रान्तिकारी ट्रेड युनियन महासंघमा प्रवेश

काठमाडौं। संसदवाद र अर्थवादमा पतन हुन पुगेको माओवादी केन्द्र सम्बद्ध ट्रेड युनियन महासंघका केन्द्रीय सदस्य तथा घटक संगठन अखिल नेपाल सरसफाई मजदुर संघको बरिष्ठ केन्द्रीय उपाध्यक्ष विदुर चौलागाईंको नेतृत्वमा २१ जना मजदुर नेता कार्यकर्ताहरू नेकपा (क्रान्तिकारी माओवादी) सम्बद्ध अखिल नेपाल क्रान्तिकारी ट्रेड युनियन महासंघमा प्रवेश गरेका छन्। चौलागाईं माके मजदुर महासंघका ललितपुर इन्चार्ज समेत हुन्।

माओवादी केन्द्र छाडेर क्रान्तिकारी माओवादीमा प्रवेश गर्ने अन्य नेताहरूमा शोभाकुमारी खड्का केन्द्रीय सदस्य, कविता राई- केन्द्रीय कोषाध्यक्ष, विन्दा तिमल्सिना गिरी केस, निर्मला चौधरी- इकाई अध्यक्ष, अम्बिका अधिकारी, गणेश लामा, सानु राई, माया लामा, फुलमाया तामाङ, पार्वती तिमल्सिना, मधुकला राई, राममाया श्रेष्ठ, रेणु खत्री, शान्ति घिमिरे, संगिता बुढाथोकी, मिरा भट्टराई, विष्णु माझी, संदिप देउला, रवि चौलागाईं, विक्रम चौलागाईलगायत रहेका छन्।

माकेबाट विद्रोह गरेर आएका नेता कार्यकर्ताहरूलाई क्रान्तिकारी माओवादीका सचिवालय सदस्य तथा नेवा राज्य संयोजक दिनेश शर्मा'सागर'ले पार्टी प्रवेश गराए। क्रान्तिकारी मजदुर नेता केशव सुवेदीको अध्यक्षतामा भएको एक कार्यक्रममा उनीहरू अखिल नेपाल क्रान्तिकारी ट्रेड युनियन महासंघमा समाहित भएका हुन्। मजदुर नेता राम बस्नेतले संचालन गरेको उक्त कार्यक्रममा विद्रोह गरेर आएका मजदुर नेता विदुर चौलागाईंले माके सम्बद्ध परित्याग गर्नु पर्नाका कारण समेटिएको विज्ञप्ती वाचन गरेर सुनाएका थिए। चौलागाईं लगायत २१ जनाको संयुक्त हस्ताक्षरमा जारी गरिएको विज्ञप्तीमा भनिएको छ, 'माओवादी केन्द्र सम्बद्ध महासंघले आम श्रमजीवि मजदुरहरूको मुक्ति सम्भव छैन। यो महासंघ दलाल पुँजीपतिहरूको पुच्छर बनेर संसदवाद, अर्थवाद र अवसरवादमा पतन हुन पुगेको छ।'

'महान सहिदहरूको सपनालाई कुल्चदै नोकरशाही दलाल पुँजीवादी विचार बोकेर आम श्रमजीवि मजदुर वर्गको अधिकारमाथि लात हान्न थालेपछि हामी बैकल्पिक ... बाँकी ७ पेजमा

## 'वर्गीय मुद्दालाई छोडेर

# जनताको मुक्ति हुन सक्दैन'

ललितपुर। नेकपा (क्रान्तिकारी माओवादी)का अध्यक्ष मोहन वैद्य'किरण'ले अहिले वर्गीय मुद्दालाई छाड्ने अभियान नै चलाइएको छ भन्दै वर्गीय मुद्दालाई छोडेर जनताको मुक्ति हुन नसक्ने बताएका छन्। ललितपुरको कुपण्डोलमा शुक्रबारबाट सुरु नेवाः राष्ट्रिय मुक्ति मोर्चाको राष्ट्रिय भेलाको उद्घाटन गर्दै अध्यक्ष बैद्यले यस्तो बताएका हुन्। उनले जनताको मुक्तिका निम्ति वर्गीय मुद्दासँगै जातीय, क्षेत्रीय, लैङ्गिक मुद्दाहरूलाई जोडर लैजानुपर्ने आवश्यकता औल्याए।

मोर्चाका संस्थापक अध्यक्ष समेत रहेका पवनमान श्रेष्ठको अध्यक्षतामा सुरु राष्ट्रिय भेलालाई सम्बोधन गर्दै अध्यक्ष बैद्यले वर्गीय मुद्दालाई केन्द्रमा राखेर नै नेवाः समुदायका नेताहरू पुष्पलाल श्रेष्ठ लगायतले नेपालमा कम्युनिष्ट पार्टीको स्थापना गरेको चर्चा गर्दै नेपालको कम्युनिष्ट आन्दोलन तथा वर्गीय आन्दोलनलगायत समग्र जनताको मुक्ति आन्दोलनमा नेवाः समुदायले विशेष र ऐतिहासिक भूमिका खेलेको स्मरण गरे।

आफू नेतृत्वको क्रान्तिकारी माओवादीले नेपालमा जातीय मुक्ति आन्दोलनका सम्बन्धमा सबभन्दा स्पष्ट र क्रान्तिकारी नीति लिएको उल्लेख गर्दै अध्यक्ष बैद्यले पछिल्लो समय संघीयताको नामै सुन्न नचाहने सामन्तवादी ब्रम्हाणवादी र संघीयताको नाममा देश टुक्र्याउन खोज्ने अन्धजातिवादीजस्ता दुई अतिका विरुद्ध जुधेर र बाट बँचाएर नेपाली धरातलको वस्तुगत ... बाँकी ७ पेजमा

## नेवाः मोर्चाको तेस्रो

# राष्ट्रिय भेला सम्पन्न

### अध्यक्षमा पवनमान श्रेष्ठ, महासचिवमा सुरेश श्रेष्ठ

काठमाडौं। नेकपा (क्रान्तिकारी माओवादी) निकट नेवाः राष्ट्रिय मुक्ति मोर्चाको तेस्रो राष्ट्रिय भेला सम्पन्न भएको छ। भेलाले मोर्चाको अध्यक्षमा पुनः पवनमान श्रेष्ठ र महासचिवमा सुरेश श्रेष्ठलाई निर्वाचित गरेको छ। दुई दिनसम्म चलेको मोर्चाको शनिबार सम्पन्न राष्ट्रिय भेलाले मोर्चाका उपाध्यक्षहरूमा क्रमशः मानध्वज श्रेष्ठ (पाल्पा), गोर्की श्रेष्ठ (काठमाडौं), गणेश खड्गी (रामेछाप), मनोज श्रेष्ठ (सुनसरी)लाई निर्वाचित गरेको छ।

भेलाले सचिवमा राजेन्द्र रंजित (काठमाडौं) र सचिर महर्जन (काठमाडौं)लाई चुनेको छ भने कोषाध्यक्षमा श्रीकृष्ण सुलु (भक्तपुर) र हरि श्रेष्ठ (धनकुटा)लाई सहकोषाध्यक्षमा निर्वाचित गरेको छ। त्यसैगरी भेलाले सदस्यहरूमा क्रमशः सुदिप श्रेष्ठ (पर्सा), सुन्दर श्रेष्ठ (तनहुँ), भूमिनारायण मल्ल (गोरखा), सौरव कायस्थ (काभ्र), साजन श्रेष्ठ (सेम), शुशिला महर्जन, प्रविण देउला, बुद्धिबहादुर शाही, राजु पुटुवार, सपना राजथला, महन्त मल्ल, किरण नगरकोटी, सानु महर्जन, उमीरमैया रञ्जित, नमस्ते सायमी, बोधराज श्रेष्ठ, रत्न महर्जन, गोकुल श्रेष्ठ, भागवत प्रधान, उमेश श्रेष्ठ, जगदिश महर्जन, मुकेश श्रेष्ठ, शंखलाल मगजु, राजु लोहला, प्रवीण त्वान्जु, अमीर ताम्राकार, गोपालदास श्रेष्ठलगायतलाई चयन गरेको छ। ... बाँकी ७ पेजमा

## महान अक्टोबर समाजवादी क्रान्तिको सफलता:

# वस्तुगत र आत्मगत परिस्थितिको तादम्यता

महान अक्टोबर समाजवादी क्रान्ति परम्परागत पात्रो अनुसार सन् १९१७ को अक्टोबर २५ तारिख र नयाँ पात्रो अनुसार सन् १९१७ को नोभेम्बर ७ तारिखका दिन सम्पन्न भएको थियो। वास्तवमा अक्टोबर समाजवादी क्रान्ति मानव समाजको इतिहासमा संसार हल्लाउने खालको एक युगान्तकारी घटना थियो। उक्त ऐतिहासिक क्रान्तिको सफलताको सजिव वर्णन अमेरिकी पत्रकार एवं समाजवादी जोहन रिडले आफ्नो विश्व प्रसिद्ध रचना 'संसार हल्लाउने दस दिन' नामक रचनामा रोचक ढंगले प्रस्तुत गरेका छन्। उनले अक्टोबर समाजवादी क्रान्ति सम्पन्न हुने दौरानमा तत्कालिन अवस्थामा रुसमै रहेर त्यसको प्रत्यक्ष अध्ययन र अनुभव गरेका थिए।

> ऐतिहासिक घटना र तीनका विवेचनाबाट हाम्रो देशको वर्तमान राष्ट्रिय तथा अन्तर्राष्ट्रिय परिस्थितिको वस्तुगत अवस्थाको सही ढंगले मूल्यांकन गर्दै पार्टी र संगठनको आत्मगत अवस्थालाई सुदृढ पार्दै क्रान्तिकारी आन्दोलनलाई कसरी अगाडि बढाउने र नेतृत्व प्रदान गर्ने भन्ने कुरा सिक्न, बुझ्न र कार्यान्वयन गर्न आवश्यक छ।



● परि थापा

यतिखेर अक्टोबर समाजवादी क्रान्ति सम्पन्न भएको एकसय वर्ष अथवा एक शताब्दी पुग्दैछ। अक्टोबर समाजवादी क्रान्तिले प्रतिकृयावादी पुँजीवादी व्यवस्थालाई ध्वस्त पारेर मानव समाजको क्रान्तिकारी परिवर्तन र शोषित, उत्पीडित सर्वहारा वर्गको पक्षमा राज्यसत्ता स्थापना गरेको मात्र होइन, बरु विश्व साम्यवादी व्यवस्था स्थापनाको दिशामा अगाडि बढ्नका लागि विश्वभरिका सर्वहारावर्गलाई उत्प्रेरणा र मार्गदर्शन समेत गरेको थियो। अहिले अक्टोबर समाजवादी क्रान्तिको शतवार्षिकीको सन्दर्भमा त्यो क्रान्ति सफल हुनुका पछाडि रहेका वस्तुगत र आत्मगत परिस्थितिहरूका सम्बन्धमा संक्षिप्त चर्चा गर्ने प्रयत्न गरिएको छ।

रुसमा अक्टोबर समाजवादी क्रान्ति सम्पन्न हुनुभन्दा अगाडि नै दोस्रो कम्युनिष्ट अन्तर्राष्ट्रियले तत्कालिन विश्व परिस्थितिका सम्बन्धमा गम्भीर छलफल गरेको थियो। त्यस सन्दर्भमा खास गरेर त्यस अवस्थामा विश्वका साम्राज्यवादी शक्तिहरूका वीचमा विकास हुँदै गएको व्यापक अन्तर्विरोध र ... बाँकी ७ पेजमा

## सम्पादकीय

# खेर गएको ६७ वर्ष

फाल्गुन ७, २०७३ मा नेपालमा प्रजातन्त्र स्थापना भएको ६७ वर्ष भयो । ०१७ सालमा तत्कालीन राजा महेन्द्रले कू गरेर पञ्चायती व्यवस्थाको अभ्यास गरेयता मुलुकमा ०३६, ०४६, ०६२/०६३ मा राजनीतिक परिवर्तनहरू भए । बहुदलीय प्रजातन्त्रहुँदै अहिले मुलुकमा लोकतान्त्रिक गणतन्त्रको अभ्यासमा छ । तर ती राजनीतिक परिवर्तन र अभ्यासहरूमा जनता सार्वभौम हुन सकेका छैनन्, जनता अधिकारसम्पन्न हुन सकेका छैनन् ।

आम मान्छेहरूले बुझ्ेको प्रजातन्त्र भनको जनताको तन्त्र हो, जनताको शासन हो । तर यति लामो अवधिमा पनि नेपालमा जनताको शासन व्यवस्था स्थापना हुन सकेको छैन । यसबीचमा स्थापित व्यवस्था र तिनको अभ्यासले जनतालाई अझ निरिह र कमजोर बनाएको छ । राष्ट्रविरोधी र जनविरोधी गतिविधि यसबीचमा निकै बढेर गएका छन् । विगतमा भएका युद्ध, आन्दोलन र क्रान्तिको जनादेशलाई कुल्चिएर शासकहरूले देशमा जनविरोधी नीतिहरू लादिरहेका छन् ।

भारत, कांग्रेस र राणाबीचको त्रिपक्षीय स्वार्थहरूले निर्धारण गरेको प्रजातन्त्रको चरित्र तत्कालीन आन्दोलनको जनादेश मुताविक स्थापित हुन सकेन । त्यसैबेलादेखि नेपालको आन्तरिक मामिलामा हात हाल्न पुगेको भारतीय विस्तारवादले त्यसयताका ६७ वर्षमा नेपालको सार्वभौमिकता र स्वतन्त्र अस्तित्वमाथि निरन्तर धावा बोल्दै आएको छ । पछिल्लो समयसम्म आइपुग्दा भारत अघोषित रूपमा नेपाललाई भूटानीकरण गर्दै सिक्किम बनाउने दिशामा अगाडि बढिरहेको छ र त्यस दिशामा काफिहदसम्म उसले सफलता पनि हात पारिसकेको छ । उसले अहिले नेपालको समग्र राजनीतिक व्यवस्था तथा प्रणालीमा प्रत्यक्ष रूपले हस्तक्षेप गरिरहेको छ । यहाँका शासकहरू अहिले भारतीय विस्तारवादको इच्छा, आदेश र इशाराभन्दा एक इन्च पनि दायाँ बायाँ गर्न सक्ने स्थितिमा देखिन्नन् ।

नाकाबन्दी गरेर, राष्ट्रवादी नेता तथा शासकहरूको हत्या गरेर यहाँका शासकहरूलाई दवावमा राख्न भारतीय विस्तारवाद सफल हुँदै आएको छ । उसले अहिले नेपालमा आफ्ना दलालहरूमार्फत् आफ्ना स्वार्थहरू पूरा गर्दै आएको छ । अहिले सत्तासिन अवस्थामा रहेका प्रधानमन्त्री पुष्पकमल दाहालले गरेको भारतीय विस्तारवादको नाङ्गो दलालीका कारण उनी नेतृत्वको पार्टीलाई आम जनताले नेकपा (लम्पसारवादी केन्द्र) समेत भन्न स्थिति बनेको छ । उनले भारतीय विस्तारवादसँग गरेको २५ बुँदे सम्झौतामार्फत ००७ सालयता भारतीय विस्तारवादसँग गरिएका सबै असपमान सन्धि सम्झौताहरूमा लाहछाप लगाउने काम गरे । र, नेपालको सुरक्षा र परराष्ट्र नीति भारतको छाताभित्र पुऱ्याउन राष्ट्रघाती भूमिका खेले । परिणामतः अहिले मुलुक अझ बढी पराधिन बनेर गएको छ ।

जति धेरै भारतीय हस्तक्षेप बढेर गएको छ, त्यति नै धेरै आम नेपाली जनतामा राष्ट्रियताप्रतिको जागरण बढेर गएको छ । राष्ट्रियता, जनतन्त्र र जनजीविकाका हिसाबले देश दिनदिनै कमजोर र संकटतर्फ धकेलिदै गएको छ । ६७ वर्षकै इतिहासमा नेपाली राष्ट्रियता अहिले सबैभन्दा कमजोर बनेको छ । आम जनतामा भारतीय हस्तक्षेप र यहाँका दलाल शक्तिका विरुद्धको आक्रोश चुलिदो छ । राष्ट्रिय प्रतिरोध आन्दोलनसँग जाडेर मात्र जनतन्त्र र जनजीविका मुद्दाहरूले साकार रूप लिन सक्छन् भन्ने आम बुझाइ बनेर गएको देखिन्छ । आम नेपाली श्रमजीवि उत्पीडित जनताको यो बुझाईको राजनीतिक नेतृत्व अहिले नेकपा (क्रान्तिकारी माओवादी)ले गरिरहेको छ । ६७ वर्षे इतिहासको निर्मम समीक्षा गरेर जनताले चाहेको व्यवस्था स्थापनाका निम्ति जनताले आशा र भरोसा गरेको राजनीतिक पार्टीका हैसियतले नेकपा (क्रान्तिकारी माओवादी)ले आफ्नो रणनीति र कार्यनीतिको विकास गर्न जरुरी भएको छ ।

परिवर्तनको सम्वाहक
मूलबाटो
सत्यतथ्य निष्पक्ष खबर तथा
विचारका लागि सधैं हेर्ने र पढ्ने गरौं ।
www.moolbato.com

# सर्वहारावर्गीय फलामे अनुशासनयुक्त संगठनको खाँचो



पुष्प गोपाल श्रेष्ठ

**मार्क्सवादी-लेनिनवादी-माओवादी अडान र दृष्टिकोणलाई भुलेर पार्टीको अहित हुने गरी, अनावश्यक रूपले जो कोहिलाई उच्च पद र प्रतिष्ठामा पदस्थापना गर्दै, अवसरवादी प्रवृत्तिलाई रातो कार्पेट विछ्याई(ओछयाई) स्वागत गर्दै गर्नु कुनै हालतमा र कुनै पनि मानेमा युक्तिसंगत ठहरिन्न र होइन ।**

नेपालको कम्युनिष्ट आन्दोलनमा अत्यन्तै जटिल रूपले खडा हुँदै आइरहेको प्रश्नवाचक स्थिति भनेको सर्वहारावर्ग पुँजीपतिवर्गको पछि लाग्ने हो कि पुँजीपतिवर्ग सर्वहारावर्गको पछि लाग्ने हो ? यद्यपि यहाँ अनेकन चिरामा सगंठित रहिआएका कम्युनिष्ट पार्टीहरू देख्न र सुन्न पाइन्छन् । तर यहाँका यी कम्युनिष्ट पार्टीको नाउँमा संगठित भएर आइरहेका अधिकांश कम्युनिष्ट पार्टी यस प्रश्नको गहिराईसम्म पुगेर पार्टीको स्पष्ट धारणाबिना नै, ढोंगी साधुसन्तहरूले झैं मार्क्सवाद-लेनिनवादको माला जप्दै आमजनतालाई धोका दिंदै आइरहेको देखिन्छ । यसै सन्दर्भमा भन्नु पर्दा नेपालमा कम्युनिष्ट पार्टी स्थापनाकालदेखि यता अत्यन्तै छोटो समयसम्म हो न हो यस प्रश्नको सही जवाफको नजिक-नजिकबाट नवशिशु पार्टीलाई डोहऱ्याउन प्रयत्नरत नदेखिएको होइन । परन्तु सामन्ती सस्ंकारमा जन्मि हुर्किआएका व्यक्ति र व्यक्तित्वहरू जो माक्सवार्दलाई सतही रूपको अध्ययन क्रमबाट प्रभावित छद्मभेषी मार्क्सवादीहरूको निमित्त यो प्रश्न अपाच्य हुनु अस्वभाविक होइन । स्वभाविक नै हुन्छ । यसै सन्दर्भमा भन्न खोजिएको कुरो के पनि हो भने कम्युनिष्ट पार्टीको मार्गदर्शन मार्क्सवाद लेनिनवादलाई अङगिकार गरिआएतापनि नेपालमा कम्युनिष्ट पार्टी स्थापनाकालदेखि आजसम्म पनि सो अनुरूपको मूल्य र मान्यतालाई व्यवहारमा उतार्न सक्षम भएको देख्न पाइरहेको छैन । अर्थात् नेपालको राजनैतिक रङ्गमञ्चमा यतिका धेरै कम्युनिष्ट नाउँका पार्टीहरू क्रियाशील छन् भन्ने देख्न र सुन्न पाइन्छ । तर त्यसमध्ये कुनै एक कम्युनिष्ट पार्टीको पनि संगठनात्मक स्वरूप सैद्धान्तिक मूल्य र मान्यताअनुरूपको धरातलमा उभिआएको पाउन सकिरहेको छैन । यस्तो स्थितिमा हुँदै आए जस्तै अब हुने र गर्ने भनिएको क्रान्तिमा पनि उही पुरानै पुनरावृत्ति नदोहरिएला भन्न सक्ने बलियो आधार देखिन्न ।

क्रान्तिकारी कम्युनिष्ट पार्टीको मालेमावाद दिमाग हो भने, संगठन संरचना मेरुदण्ड हो । अनि यसले संगालि ल्याएको मूल्य र मान्यता भनेको सर्वहारा अधिनायकवाद हो । यो सर्वहारा अधिनायकवाद त्यतिन्जेलसम्म कायम रहिरहन्छ र राखिराख्न जरुरी हुन्छ, जतिन्जेल यो विश्व मानचित्रमा वर्गीय समाज कायम रहन्छ । यसैले विश्वमा बलजफ्ती जरा गाडि बसिआइरहेको यो वर्गीय समाजलाई नष्ट ध्वस्त पारी वर्गविहीन समाज अर्थात् साम्यवादी व्यवस्थासम्म पुग्न एउटै विकल्प हो, वर्ग संघर्ष । नेपाली भूमिमा साम्यवादमा पुग्न मुख्यतः अहिलेसम्मको मुलुकको वस्तुस्थिति अनुसार नयाँ जनवादबाट समाजवाद हुँदै साम्यवादमा पुग्ने अवधारणासहित नयाँ जनवादी क्रान्तिमा जुट्दै गरेको स्थिति हो यो । क्रान्तिमा जुटदै गरेका प्रत्येक क्रान्तिकारीहरूले अत्यन्तै महत्वका साथ हेक्का राख्नै पर्ने कुरा भनेको आफ्नो आस्था तथा भरोसाका क्रान्तिकारी पार्टी नेकपा (क्रान्तिकारी माओवादी)को सांगठनिक स्वरूप पनि उही पुरानै परम्परा अनुरूप अधिकांश मध्यमवर्गीय तथा नेता केन्द्रित (मुखि) गोलचक्करमा फसेर माथि उठन नसकिरहेको स्थितिबाट माथि उठि क्रान्तिकारीहरूले यस मामलामा पुरै क्रान्तिकारी सचेत्ता अपनाउनु नितान्त जरुरी छ । क्रान्तिकारी मालेमावादीहरूको वर्गीय आधार भनेको सर्वहारा मजदुरवर्ग, भूमिहीन तथा गरिब किसान र सहरीया निम्न पुँजीपतिवर्ग हो । यी वर्गहरूबीचको फलामे अनुशासनसहितको मजवूत संगठनबिना कुनै पनि क्रान्तिलाई टुँगोमा पुऱ्याउन सकिन्न भन्ने कुरो नेपालमा ६, ७ दशक लामो समयावधिभित्र घटेका विभिन्न कोणका राजनैतिक घटना क्रमले प्रष्ट्याई सकेको छ । फेरि पनि यो क्रान्तिकारी उच्चकोटीको विज्ञानसम्मत मालेमावादी सिद्धान्तलाई दुरूपयोग हुने र गर्ने गरी आजका सच्चा क्रान्तिकारी मालेमावादीहरू पनि त्यस्तो संगठानात्मक घनचक्करमा फसिरहनुको अर्थ हो-आत्महत्या गर्नु । तसर्थ समय छँदै त्यस्ता संगठनात्मक घनचक्कर मै रुमलिरहन छोडेर क्रान्तिकारी मालेमावादी मूल्य र मान्यता अनुरूप सर्वहारावर्गीय जुझारु संगठन निर्माण गर्नु अत्यावश्यक भएको छ ।

नेपालको ऐतिहासिक राजनैतिक घटनाक्रमले सचेत क्रान्तिकारीहरूको दिल दिमागमा कहिल्यै नमेटिने र नभुक्ने गरी झक्झक्याउदैं गरेको विषय र प्रसंग भनेको पुँजीपतिवर्ग विगतदेखि वर्तमानसम्मको विशेष स्थितिमा नेपाली भूमिभित्र हुनेगरेका साम्राज्यवाद तथा सामन्तवाद विरोधी आन्दोलनहरूमा भाग त (संलग्न) लिन सक्छन् र लिएका पनि छन् तर अन्य परिस्थितिहरूमा यो वर्ग आफ्नो आर्थिक तथा राजनैतिक कमजोरीको कारणले गर्दा ढुलमूल रहन्छ र गद्दार बन्न गद्दारी गर्न पछि पर्दैन मात्र होइन परेका पनि छैनन् । त्यसैले नेपालको वर्तमान राजनैतिक स्थिति अनुरूप साम्राज्यवाद विरोधी, विस्तारवाद विरोधी तथा सामान्तवाद विरोधी नयाँ जनवादी क्रान्ति सुदृढरूपले अगाडि बढाउन र क्रान्ति सम्पन्न गर्न पुँजीपतिवर्गको नेतृत्वमा हुन सक्दैन । त्यसैगरी आत्मसमर्पणवादी सोंच र सरेन्डर मनस्थितिकाले क्रान्तिको नेतृत्व कदापि गर्न सक्दैन । क्रान्तिको अभिभारा सर्वहारावर्गको नेतृत्वमा मात्र सम्भव छ र सम्पन्न गर्न सकिन्छ । यस्तै अर्को कुरो के पनि हो भने नयाँ जनवादी क्रान्तिमा सर्वहारावर्गकै लगनशीलता र पूर्णतालाई पूरै रूपमा विकसित गरेर पुँजपतिवर्गको निहित ढूलमूलपन र अधुरोपन हटाउन र क्रान्तिलाई अधुरो रहिरहन र हुनबाट बचाउन संभव हुन्छ । यस अर्थमा सच्चा क्रान्तिकारीहरूले यो कुरा निश्चितै रूपले भुलेका छैनन् होला, सर्वहारावर्गको राजनैतिक नेतृत्वको अनुसरण गर्दाखेरि क्रान्ति कसरी अगाडि बढ्यो र कम्युनिष्ट पार्टीको मूल नेतृत्वको गल्तिले दा सर्वहारावर्ग पूँजीपतिवर्गको राजनैतिक पुच्छर बन्न जाँदा कसरी क्रान्ति सेटवायक हुन पुग्यो, आज त्यो दिनको घाम जतिकै छर्लङ्ग छ । इतिहासको यस प्रकारको घटना दोहोरिन दिनु हुन्न ।

पक्कै पनि क्रान्तिलाई सफलता हासिल गर्न तीन अचूक (संरचना) हतियारको आवश्यकता पर्छ । तीे तीन संरचना भनेको पहिलो क्रान्तिकारी कम्युनिष्ट पार्टी, दोश्रो जनसेना र तेस्रो संयुक्त मोर्चा हो । क्रान्तिकारी पार्टी भन्नुको अर्थ नाउँ मात्रको होइन, क्रान्तिकारी कम्युनिष्ट पार्टीको अर्थ हो मालेमावादी सिद्धान्तको धरातलमा उभिएर देशभित्र गुज्रिंदै आइरहेका ठोस अवस्थाको ठोस विश्लेषणका साथ समय सापेक्ष ढङ्गले क्रियाशील भई निरन्तर अगाडि बढिरहनु हो । त्यसै गरेर जनसेना मालेमावादी सैद्धान्तिक आधारमा देश र जनताको निमित्त हरहमेसा जस्तै कठिन स्थितिमा पनि विचलित नभई बलिदानीपूर्ण भावनाका साथ मरि मेट्न तयार रहने जुझारु योद्धाको नाउँ हो-जनसेना । त्यस्तै सम्युक्तमोर्चा राष्ट्रिय स्वाधीनता तथा जनताको राजनैतिक, सामाजिक एवम् आर्थिक हक अधिकार प्राप्तिको संर्घषमा सदा सचेतताका साथ जुझारु ढङ्गले सर्घषको अग्रपंक्तिमा रहन तमतयार मोर्चा हो- सम्युक्त मोर्चा । यी तीन संरचना क्रान्तिको निमित्त अत्यन्तै महत्वको विषयवस्तु हुन् । यी संरचनाहरूबिना क्रान्तिको कल्पना गर्न त सकिएला र क्रान्तिको नाउँमा क्रान्ति पनि गरिएला । तर त्यस्तो अर्थहिन क्रान्तिले जनधनको मात्र नोक्सान पुऱ्याउँदैन आफ्नो सिगों देशलाई नै अस्तव्यस्त पार्दै राष्ट्रिय स्वाधीनतालाई पराधीनतामा परिणत नगर्ला र हुन नजाला भन्न सकिन्न । तसर्थ नेपालको वर्तमान राजनैतिक स्थितिभित्र अनाधिकार रूपले विदेशी चलखेल विशेषतः भारतीय विस्तारवादको व्यापक नाङ्गो राजनैतिक हस्तक्षेपबाट सृजित यो अर्धसामन्तवादी तथा अर्धउपनिवेवादको ठाउँमा नवउपनिवेशवादले ठाउँ ओगट्दै लगिरहेको विरुद्ध राष्ट्रिय स्वाधीनता जोगाउन नयाँ जनवादी क्रान्तिलाई सशक्त रूपले अगाडि बढाउनु आजको आवश्यकता हो । र यस परिस्थितिमा राजनैतिक नेतृत्व दिने सम्बन्धमा सर्वहारावर्गको दस्ता नेकपा (क्रान्तिकारी माओवादी)को उत्तरदायित्व अरु बढ्न गएको छ । विदेशी हस्तक्षेपको प्रतिरोध गर्नु र राष्ट्रिय स्वाधीनता जोगाउनमा जिम्मेवारीपूर्ण हैसियतले काम गर्नु एउटा यस्तो उत्तरदायित्व हो, जसलाई क्रान्तिकारी कम्युनिष्ट पार्टीले त्याग्न सक्दैन, यो यस्तो कर्तव्य हो जसलाई पूरा गर्न त्यसले नाई नास्ति गर्न सक्दैन ।

निश्चितै रूपमा सच्चा क्रान्तिकारी पार्टी सैद्धान्तिक रूपले परिपक्व भएर मात्र पुग्दैन, सोही अनुरूप पार्टीको अरु अंग प्रत्यंग पनि सुढृढ र सुसंगठित हुनु नितान्त जरुरी छ । विशेषतः पार्टीको संगठनात्मक संरचना मालेमावादी सैद्धान्तिक मूल्य र मान्यता अनुरूप सर्वहारावर्गीयकरण हुनुका साथै संगठनभित्र पूरै फलामे अनुशासनयुक्त हुनु पनि त्यतिकै आवश्यक छ । नकि त्यो नेपाल कम्युनिष्ट पार्टी स्थापना कालदेखि पार्टीको संगठनात्मक स्वरूप आजसम्म पनि हुवहु उही मध्यमवर्गीय गोलचक्करमा अल्झि रहनु । खासमा भन्नु पर्दा कम्युनिष्ट पार्टीको मार्गदर्शक सिद्धान्तलाई नै अनादर हुनेगरी क्रान्तिकारी मालेमावादी कम्युनिष्ट पार्टीका हामी क्रान्तिकारी हौं भनि हिड्नु किमार्थ शोभनीय हुन सक्दैन । क्रान्तिकारी पार्टीका क्रान्तिकारी बन्न र हुन सर्वप्रथम त्यस्तो गैरमार्क्सवादी सोच र आचरणमा सुधार ल्याउनु अत्यावश्यक हुन आउछ । राष्ट्रिय आत्मसर्मपणवाद तथा नवसंसोधनवादमा जाकिन पुगेका क. प्रचण्ड र भट्टराई मण्डली एनेकपा (माओवादी)बाट सम्बन्धविच्छेद गरी आए पश्चात पार्टीलाई पुनरसंगठन गरी अगाडि बढने क्रममा पार्टीभित्रैबाट क्रान्तिको माला जप्दै क्रमश बिप्लप र बादल समूह क्रान्तिकारी पार्टीबाट बहिर्गमण भइसकेको वर्तमान स्थिति हो । र पनि फेरी उहि पुरानो कार्यशैली, अनुशासनहीनता त्यो माहादेव र गणेश प्रवृत्ति अर्थात् आफुलाई पर्टीले जिम्मा लगाएको कार्यभार विपरीत कार्यकर्ताहरू जो आफ्नो गुणगाण गर्नेहरूको भिडलाई आफुतिर लहस्याउनु तथा कार्यकर्ताहरू नेतृत्वको गुणगाण गाउनु नै एकमात्र आफ्नो कार्यभार सम्झि दत्तचित्त रहिआउनु, जस्तो आभाससम्म आउनु वा पाउनुले पनि, वर्तमानको यो सर्वहारावर्गीय फलामे अनुशासनयुक्त संगठन निर्माण अभियानलाई धराशाही पार्दै, पार्टीविरुद्ध क्रान्तिविरोधीहरूको चौतर्फी घेराबन्दीलाई प्रत्यक्ष रूपले सघाउन त पुगिरहेका छैनन् ? संका उब्जनु अस्वभाविक हैन, स्वभाविकै हो । क्रान्तिकारीहरू यस मामलामा अरु बढी गम्भिर बन्नु नितान्त जरुरी छ । किनभने पार्टीभित्र र बाहिरका कुनैपनि सच्चा क्रान्तिकारीहरूको निमित्त त्यस्तो स्थिति सुखद् र सहज हुन सक्दैन ।

त्यस्ता गलत कार्यशैली र गलत प्रवृत्तिलाई त्यागेर माथि उठ्ने साहस जुटाई उठ्नै पर्छ । अन्यथा जति जोगी आए पनि कानै चिरेका भन्ने जन-भनाइलाई सत्य सावित गर्न पुग्नु वाहेक त्यो राष्ट्रिय आत्मसर्मपणवादी प्रचण्ड + बादल = माके र भट्टराई मण्डलीभन्दा फरक कुन अर्थमा मान्ने ? यसको सही जवाफ व्यवहारिक रूपको क्रान्तिकारी कार्यदिशाका साथ कार्यक्षेत्रमा उत्रेर हामी यस मानेमा फरक छौं भनेर देखाउन जरुरी छ । नेपालको राजनैतिक मैदानको एक सच्चा क्रान्तिकारी मालेमावादी कम्युनिष्ट पार्टीका क्रान्तिकारी नेता, कार्यकर्ताहरू प्रत्येकले मन, वचन र कर्मले व्यवहारमा उत्रेर आज-जनताको मन जित्नु नितान्त जरुरी छ ।

क्रान्तिकारी हुँ भनि देखाउन क्रान्तिको माला जप्न चाहिं नछोडने, तर निधारमा हात राखेर मुलुकमा प्रतिक्रान्ति हुनपुग्नुबाट नेता, कार्यकर्ता तथा जनसमुदायमा पैदा हुँदैगरेको नैराश्यतालाई हटाई क्रान्तिकारी वातावरण निर्माण गर्नुतिर नलागेर, उल्टै राष्ट्र र अन्तरराष्ट्रिय स्थितिसंगै पार्टीको आत्मगत स्थिति समेत कमजोर भएको भनी क्रान्ति विरोधी बयान गर्दै हाई काडि बस्नु क्रन्तिकारी आचरणसंग विलकुलै मेल खाँदैन ।

मुलुकमा अहिले राजनैतिक, आर्थिक, सामाजिक एवम् संवैधानिक लगायत चौतर्फी रूपमै गम्भीर संकटले धावा बोलिरहेको बेला, सर्वहारावर्गले आफ्नो पार्टीमार्फत् मुलुकका सबै क्रान्तिकारीवर्गको राजनैतिक नेतृत्व कसरी गर्ने भन्ने सवालमा जिम्मेवारीपूर्ण ढङ्गले गम्भीर हुनु जरुरी छ । यसो त आज पनि नेपालको राजनैतिक वस्तुस्थितिमा खास कुनै फेरबदल आएको छैन । मुलुकमा जनयुद्ध हुनुअघिको राजनैतिक स्थिति आज पनि यथावत कायमै छ । केही बदलिएको छ भने अर्धउपनिवेशिक राज्यव्यवस्थाबाट नवऔपनिवेशीक राज्यव्यवस्थातिर उन्मुख हुँदैगइरहेको स्थिति छ । यस्तो स्थितिबाट मुलुकलाई पूर्णरूपले मुक्त पारी देश र जनताको आवश्यकता र चाहना अनुरूप नयाँ जनवादी राज्यव्यवस्था कायम गर्न, नेपाली विशेषतायुक्त हुनु संगै नेपालको लागि उपयुक्त र सहि क्रान्तिकारी कार्यदिशा निर्माण गर्न, निकट भविष्यमा हुनगइरहेको पार्टीको राष्ट्रिय सम्मेलन मार्फत् देशमा विद्यमान ठोस बस्तुगत स्थितिको ठोस विश्लेषणका साथ 'जनयुद्धको जगमा जनबिद्रोह'लाई आजको आवश्यकता अनुरूप परिमार्जित र परिष्कृत गर्नुसंगै मुलुकमा भएको प्रतिक्रान्ति र पार्टीभित्र पटक पटक विभाजन भए गराएबाट हुन गएको क्रान्तिकारी पार्टीको आत्मागत स्थिति(शक्ति) लाई सुदृढ, सुसंगठित र सशक्तिकरण गर्दै विद्यमान राष्ट्रिय संकटबाट मुक्त पार्न सर्वहारावर्गको नेतृत्वमा मजदुर, किसान तथा शोषित पिडित आम-जनसमूदाय बीच एकता कायम गरी, सामन्तवाद, विस्तारवाद, प्रतिक्रियावाद तथा तमाम् दलालहरूको विरोधमा जनताको जनवादी अधिनायकत्वका साथ नयाँ जनवादी राज्यव्यवस्था कायम् गर्न क्रान्तिकारीहरूको मूल दायित्व हो । यो नै देशको राजनैतिक वस्तुगत स्थितिको सत्य तथ्य र सारसंक्षेप हो, यो बाहेक अरु कुनै प्रकारको भ्रम पालेर बस्नु जरुरी छैन ।

यतिखेर प्रत्येक क्रान्तिकारीहरूले अत्यन्तै महत्वका साथ हेक्का राख्नु नै पर्ने कुरो भनेको 'नौ दल्ला चाकु खाइसकेर पनि, चाकुको स्वाद थाहा नपाएको'झैं गरेर पार्टीको सांगठनिक संरचना भद्दा बनाउनु बुद्धिमानी ठहरिन्न र होइन । मार्क्सवादी-लेनिनवादी-माओवादी अडान र दृष्टिकोणलाई भुलेर पार्टीको अहित हुने गरी, अनावश्यक रूपले जो कोहिलाई उच्च पद र प्रतिष्ठामा पदस्थापना गर्दै, अवसरवादी प्रवृत्तिलाई रातो कार्पेट विछ्याई(ओछयाई) स्वागत गर्दै गर्नु कुनै हालतमा र कुनै पनि मानेमा युक्तिसंगत ठहरिन्न र होइन । निश्चितै रूपमा अहिले आवश्यकता अनुरूपै क्रान्तिकारी माओवादीमा ध्रुवीकरण र पार्टी प्रवेशको लहर बढ्नु क्रान्तिको निमित्त सकारात्मक कुरो नै हो । तर, यसो हुँदाहुँदै पनि सच्चा मालेमावादी क्रन्तिकारीहरू, यस मानेमा क्रन्तिकारी सचेतता बिना निर्धक्क भई बस्नु भनेको, फेरि पनि जनतामा पलाउन थालेको क्रान्तिप्रतिको आस्थामा कुठाराघात हुनगई क्रान्तिप्रति अनास्था पुनर्जागृत हुन जान सक्छ भनेर मात्र हैन, क्रान्तिकारीहरू त हरहमेसा क्रान्ति विरोधीहरूद्वारा गर्न र हुन सक्ने क्रान्तिविरोधी हर्कतप्रति अत्यन्तै गम्भिर रूपले सचेत भइरहनु अत्यावश्यक छ । यस मानेमा पार्टीको हित चाहने सम्बन्धीत सबै पक्षमा समय छँदै होस् खुलोस्, शुभकामना । ०७३/०८/०४

ताहाचल, काठमाडौं, नेपाल ।

# स्याउको बोटमा सुन्तला फल्ने आशा नगरौं, जातीय उत्पीडनका विरुद्ध संघर्ष गरौं



❑ **पवनमान श्रेष्ठ**, अध्यक्ष- नेवाः राष्ट्रिय मुक्ति मोर्चा

*मोर्चाका प्राथमिकता भनेको राष्ट्रिय भेला र त्यस लगत्तै बसेको केन्द्रीय समितिको बैठकले ठोस गरेका निर्णयहरूको कार्यान्वयन हो । भेलाले क्रान्तिकारी विचार, उद्देश्य, नेतृत्व र संगठनलाई बचाएको छ, अब यसलाई विकास गरिनु पर्दछ । यसका लागि संगठन सुदृढ तथा विस्तार गरिनु पर्दछ र नेवाःहरूको तात्कालिक समस्यालाई लिएर संगसंगै संघर्षमा जानु पर्दछ । भेलाले ०७४ असोजमा मोर्चाका राष्ट्रिय सम्मेलन गर्ने निर्णय गरेको छ ।*

***नेवाः मोर्चाको राष्ट्रिय भेला सम्पन्न गर्नुभयो । विगतका भेलाहरूसंग दाँजेर हेर्दा के कस्तो फरक अनुभूति गर्नुभयो ?***

नेवाः मोर्चाका थुप्रै भेला बैठकहरू सम्पन्न भए । तर मोर्चाको दोस्रो राष्ट्रिय सम्मेलनपछि अर्को सम्मेलन हुन सकेको छैन । यस बीचमा तीन पटक राष्ट्रिय भेला भएका छन् । प्रचण्ड बाबुरामहरूको राष्ट्रिय तथा वर्गीय आत्मसमर्पणपछि जनमुक्ति सेनाको विघटन र विसर्जन तथा संविधान सभाको विघटन गर्ने काम भयो । बैशाख २०, ०६९ मा भएको पहिलो राष्ट्रिय भेलाले त्यसको भत्सर्ना गर्दै तिनका पिछलग्गुहरूलाई नेवाः मोर्चाबाट हटाउने काम भयो । त्यसपछि असोज ०७० मा मोर्चाको तेस्रो राष्ट्रिय सम्मेलन गर्नको लागि तयारी स्वरूप बैशाख ७, ०७० मा दोस्रो राष्ट्रिय भेला सम्पन्न भयो । तर कथित संविधान सभाको दोस्रो निर्वाचनको बहिस्कार गर्नु पर्ने स्थिति र सम्मेलनको तयारीको अभावले राष्ट्रिय सम्मेलनमा जान सकिएन । त्यसपछिका दिनमा मातृ पार्टीमा वाम खोल ओढेका दक्षिणपंथीहरूबाट भएका फुट र आफैले लाल गद्दार भनिएका प्रचण्डसँग आत्मसमर्पणवादीहरूको विलयनले स्वाभाविक रूपमा नेवाः मोर्चामा पनि असर पऱ्यो र यसको असर हाम्रो भेलामा पनि देखियो । तर भेलाको उद्देश्य यस प्रकारका विजातीय तत्व र आत्मसमर्पणवादी चिन्तनबाट मुक्त गरी विचार, नेतृत्व र संगठनलाई सुदृढ, अनुशासित तथा लक्ष्यप्रति प्रतिबद्ध बनाउने थियो । भेलाद्वारा यस उद्देश्य प्राप्त गर्न सफल भएको छ । तीनवटै भेलाका उद्देश्यहरू फरक फरक थिए । तर पछिल्लो भेलाले आन्तरिक जीवनमा उत्पन्न भएको संकटबाट नेवाः मोर्चालाई बचाएर क्रान्तिकारी विचार, लक्ष्य र उद्देश्यलाई अक्षुण्ण बनाउन र संगठनमा रक्त संचार गर्नु रहेको थियो, यसमा भेला सफल भएको छ । पहिलो भेलाले पनि आफ्नो उद्देश्यमा सफलता प्राप्त गरेको थियो भने दोस्रो भेलाले उद्देश्य पुरा गर्न सकेन ।

***मोर्चाका अबका प्राथमिकताहरू के के हुन् ?***

मोर्चाका प्राथमिकता भनेको राष्ट्रिय भेला र त्यस लगत्तै बसेको केन्द्रीय समितिको बैठकले ठोस गरेका निर्णयहरूको कार्यान्वयन हो । भेलाले क्रान्तिकारी विचार, उद्देश्य, नेतृत्व र संगठनलाई बचाएको छ, अब यसलाई विकास गरिनु पर्दछ । यसका लागि संगठन सुदृढ तथा विस्तार गरिनु पर्दछ र नेवाःहरूको तात्कालिक समस्यालाई लिएर संगसंगै संघर्षमा जानु पर्दछ । भेलाले ०७४ असोजमा मोर्चाका राष्ट्रिय सम्मेलन गर्ने निर्णय गरेको छ । सम्मेलनका लागि दुई चरणका कार्यक्रम बैठकले तय गरेको छ । पहिलो चरणको कार्यक्रम संगठन विस्तार तथा जनपरिचालन अभियान यहि चैत्र सम्मका लागि, जसमा मुख्यत संगठन राज्यदेखि वार्डसम्म गठन पुर्नगठन अभियान संचालन गरिने छ । संघर्षमा नेवाःलाई विस्थापित गर्न नेवाःको आदिथलो नष्ट गर्न विकासका नाममा भइरहेको बेरोकटोक सडक विस्तार र जग्गा प्लटिङ्गका विरुद्ध तथा जनताका जनजीविकालाई लिएर संघर्ष गरिने छ । नेवाः जातिको मुक्तिलागि नेवाः मोर्चा उत्पीडित नेवाःजातिको पक्षमा छ भन्ने सशक्त सन्देश दिनेछ । दोस्रो चरणको कार्यक्रम पछि बनाइनेछ ।

***जातीय मुक्ति आन्दोलनमा पछिल्लो समयमा देखिएका विभिन्न प्रवृत्तिहरूलाई मोर्चाले कसरी विश्लेषण गरेको छ ?***

जातीय आन्दोलनमा प्रायः जसो चारवटा प्रवृत्ति हुने गर्दछन् । कुन वेला कुन प्रवृत्ति हावी भए भन्ने कुरा मात्र हो । चार वटा प्रवृत्तिहरूमा १) आत्मसमर्पणवादी वा ब्राम्हणवादी प्रवृत्ति, २) अन्ध जातिवादी प्रवृत्ति, ३) अकर्मन्यतावादी प्रवृत्ति र ४) क्रान्तिकारी वा जातीय समानता पक्षधर प्रवृत्ति हुन् । दश वर्षको महान् जनयुद्ध र जनयुद्धका क्रममा व्यक्त गरिएका प्रतिबद्धता प्रति विश्वस्त जनताहरूले जातीय समानताको ठुलो अपेक्षा गरेका थिए । तर जनयुद्धको मुख्य नेताको गद्दारी र विश्वासघातले त्यत्रो बलिदानका बावजुद जनतालाई कौडी मात्र हात लाग्यो तर नेताहरूले पद र पैसा पाए । नेतृत्वको विश्वासघातले अत्यन्त ठुलो संख्यामा निराश भएका छन् र ती अकर्मन्यतामा परेका छन् । अर्को पद र पैसाबाट लिप्त हुनेहरू नेताहरूको देखासिकी गर्दै आत्मसमर्पणको बाटोमा लागेका छन् र ब्राम्हणवादको सेवा गरिरहेका छन् । तिनले प्राप्त कौडीको उपलब्धीलाई महान् उपलब्धी भएको र थप उपलब्धीको लागि संघर्ष गर्ने भनेर उल्टो भ्रम छरि रहेको स्थिति छ । अर्को एउटा हिस्सा अहिलेको स्थितिबाट विक्षिप्त भएकाहरू अन्ध जातिवादमा फसेका छन् र सबै ब्राम्हण जातिकालाई ब्राम्हणवादी देख्न पुगेका छन् । माओवादीका सबै नेताहरू अन्ततः प्रचण्ड जस्तै धोकेवाज र गद्दार हुन्छन् भन्ने निष्कर्षमा पुगेका छन् । अर्को बाँकि हिस्सा क्रान्तिकारी प्रवृत्तिका छन् । यस प्रवृत्तिका मान्छेहरू अहिलेको परिस्थितिप्रति आक्रोसित छन् तर विक्षिप्त भएर धैर्यता र विवेक गुमाएका छैनन् । क्रान्तिकारी प्रवृत्ति अहिले निश्चित रूपमा कमजोर छन् तर सही, सत्य र वैज्ञानिक यही प्रवृत्ति हो । यस प्रवृत्तिका संस्था वा मान्छेले सबै खाले उत्पीडनको विरोध गर्दछन् र सच्चा कम्युष्टि पार्टीको नेतृत्वमा हुने नयाँ जनवादी क्रान्तिद्वारा समस्या हल गर्ने बाटो देख्छन् । हाम्रो मोर्चाले प्रवृत्ति बोकेको छ र नेवाः लगायत सबै खाले जातीय उत्पीडनको विरुद्ध संघर्ष गर्न दृढ संकल्पित छ । अहिलेको सन्दर्भमा सबैभन्दा खतरनाक प्रवृत्ति आत्मसमर्पणवादी वा ब्राम्हणवादी प्रवृत्ति हो, जुन संसदीय दलका नेता र कार्यकर्तामा व्याप्त छ ।

**नेवाः राष्ट्रिय मुक्ति मोर्चा, नेपालले सर्वप्रथम वैचारिक र राजनैतिक रूपमा नेवाःहरूको मुक्तिका लागि आफ्नो आदिथलोमा राज्य संचालनको अधिकार अपरिहार्य रहेको कुरा अझ गहिरो गरी महशुश गराउने छ । यसका लागि जातीय उत्पीडनको पहिचानका आधारमा संघीयता, नेवाःको आदिथलोमा नेवाः स्वायत्त राज्य, आत्मनिर्णयको अधिकारको सैद्धान्तिक स्वीकृतिसहित नेवाः स्वशासनसहितको राज्यको संरचना बन्नु पर्नेछ र यसको प्राप्तिका लागि नयाँ जनवादी क्रान्तिको अपरिहार्य छ भन्ने कुरालाई आम नेवाःहरू बीचमा स्थापित गरिने छ । यसरी नेवाः मोर्चाका सही र वैज्ञानिक विचार र नीति वरिपरि पहिला गोलबन्द गरिने छ । नेवाःका तत्कालिक समस्याहरू सडक विस्तार, जग्गा प्लटिङ्ग, भूकम्प पीडित जनताका समस्या लगायत जनताका जनजीविका सम्बन्धी संघर्षका कार्यक्रम लिएर अगाडि बढ्ने छ र जनताको मन जित्ने तथा निराशाबाट जनतालाई पुनः ब्युउँझाउने प्रयत्न गरिने छ । ”**

***नेवाः जातीय मुक्ति आन्दोलनका उत्पीडित नेवाःहरूको चासो, चिन्ता र सहभागीतामा मन्दी छाउन पुगेको हो ?***

यसलाई यसरी भन्नुभन्दा नेतृत्वको गद्दारीले गर्दा नेवाःहरूमा निश्चित रूपमा निराशा, अकर्मन्यता र पलायनता देखिएको छ । यसको संख्या अत्यन्त ठुलो छ । यसले सही उद्देश्य बोकेका क्रान्तिकारी नेतृत्वप्रति पनि अविश्वास हुने जस्तो परिस्थिति बन्न पुगेको छ । तर यो क्षणिक हो । अन्ततः यथास्थितिलाई स्वीकार्ने वा यसका विरुद्ध अगाडि बढ्ने हो, दुई मध्ये एउटा बाटो रोज्नु पर्ने नै हुन्छ । उत्पीडनबाट मुक्त हुने आशामा बसेकाहरूले पुनः उत्पीडन यथावत हरेको पाउँदा उनीहरू तत्काल निराश हुने कुरा अस्वभाविक होइन । तर उत्पीडितहरू यथास्थितिका विरुद्ध संघर्ष गरेर अगाडि बढ्ने उसको सार्वभौम चरित्र हो । उत्पीडन विरुद्ध संघर्ष र मुक्ति पनि अपरिहार्य नै छ । अहिलेको असहज परिस्थितिलाई बदल्न क्रान्तिकारीहरूले धैर्यतापूर्वक धैरै मेहनत गर्नै पर्छ ।

***आम उत्पीडित नेवाः समुदायलाई मोर्चाको झण्डा वरिपरि कसरी गोलबन्द गर्न सकिएला ? केही योजना कार्यक्रम ल्याउनु भएको छ ?***

नेवाः राष्ट्रिय मुक्ति मोर्चा, नेपालले सर्वप्रथम वैचारिक र राजनैतिक रूपमा नेवाःहरूको मुक्तिका लागि आफ्नो आदिथलोमा राज्य संचालनको अधिकार अपरिहार्य रहेको कुरा अझ गहिरो गरी महशुश गराउने छ । यसका लागि जातीय उत्पीडनको पहिचानका आधारमा संघीयता, नेवाःको आदिथलोमा नेवाः स्वायत्त राज्य, आत्मनिर्णयको अधिकारको सैद्धान्तिक स्वीकृतिसहित नेवाः स्वशासनसहितको राज्यको संरचना बन्नु पर्नेछ र यसको प्राप्तिका लागि नयाँ जनवादी क्रान्तिको अपरिहार्य छ भन्ने कुरालाई आम नेवाःहरू बीचमा स्थापित गरिने छ । यसरी नेवाः मोर्चाका सही र वैज्ञानिक विचार र नीति वरिपरि पहिला गोलबन्द गरिने छ । नेवाःका तत्कालिक समस्याहरू सडक विस्तार, जग्गा प्लटिङ्ग, भूकम्प पीडित जनताका समस्या लगायत जनताका जनजीविका सम्बन्धी संघर्षका कार्यक्रम लिएर अगाडि बढ्ने छ र जनताको मन जित्ने तथा निराशाबाट जनतालाई पुनः ब्युउँझाउने प्रयत्न गरिने छ । अन्ततः सम्पूर्ण उत्पीडित नेवाःहरूलाई नेवाः मोर्चामा गोलबन्द गरी सशक्त संघर्षको कार्यक्रमको उठान गरिने छ ।

***उत्पीडित नेवाः समुदायले क्रान्तिकारी माओवादीप्रति कस्तो धारणा राखेको पाउनु भएको छ ? र कस्तो धारणा राख्नु जरुरी छ ?***

अघि प्रवृत्तिको कुरा उठाउँदा चारवटा प्रवृत्तिको कुरा उठाइएको थियो । आत्मसमर्पणवादी वा ब्राम्हणवादीहरूले क्रान्तिकारी माओवादीलाई जातिवादी, साम्प्रदायिक, देश टुक्राउन खोजेको, संकिर्ण भनेर आरोप लगाउँछन् । तर उत्पीडित नेवाःहरू यस अन्तर्गत पर्दैनन् । बाँकि तीन वटा प्रवृत्ति अन्तर्गत पर्दछन् । अकर्मन्यता प्रवृत्तिकाले क्रान्तिकारी माओवादीका अध्यक्षलाई हृदयदेखि सम्मान गर्छन् तर तत्काल पार्टीको शक्तिलाई हेरेर क्रान्ति, परिर्वतन र संघीयता तथा नेवाः राज्य स्थापना गर्ने कुरामा अविश्वास गर्छन् । अर्को प्रवृत्ति अन्ध जातिवादी प्रवृत्तिले क्रान्तिकारी माओवादी पनि प्रचण्ड र ओलीको पार्टी जस्तै ब्राम्हणवादी पार्टी पार्टी बन्ने छ । समग्रमा कम्युनिष्ट पार्टीले उत्पीडित जातिको मुक्तिको आन्दोलन गर्न सक्दैन, र गर्दैन । तर गरिदिए हुन्थ्यो भन्ने पनि छ । क्रान्तिकारी प्रवृत्ति बोकेका यद्यपि ती पार्टीमा आबद्ध नभएतापनि क्रान्तिकारी माओवादीको विचार, नीति, सिद्धान्त सही रहेको र यदि नेपालमा क्रान्ति कसैले गर्छ र नेवाः राज्य स्थापना गर्छ भने क्रान्तिकारी माओवादीले मात्र गर्छ भन्ने कुरामा विश्वस्त छन् । साथै अहिले क्रान्तिकारीहरू कमजोर भएकोमा ती चिन्तित पनि छन् । अहिले आवश्यकता भनको पछिल्लो क्रान्तिकारी दृष्टिकोण आवश्यक छ । यसले मात्र देशमा क्रान्ति र उत्पीडित जनताको अधिकार स्थापित हुने ग्यारेण्टी हुन्छ ।

***अन्तमा संविधान संशोधन, सीमाक्तन, नामाक्तन र स्थानीय निकाय तथा संसदीय चुनावका वारे मोर्चाको धारणा संक्षिप्तमा राखिदिनुस्न ।***

संविधान संशोधनका कुरा भारतीय विस्तारवादी निर्देशनमा आइरहेको कुरा त घाम जतिकै छर्लङ्ग भइसकेको विषय भयो । यो देश र जनताको हितमा छैन, बरु उसैको हितमा हुने कुरा भइहाल्यो । अर्को कुरा नेपाल जस्ता अर्धसामन्ती र नव/अर्ध औपनिवेशिक देशमा लोकतान्त्रिक गणतन्त्र भनेको विहारी गणतन्त्र नै हो । लोकतान्त्रिक गणतन्त्रको संविधान संशोधन गरेर उत्पीडित जनताको अधिकार स्थापित हुन्छ भन्नु स्याउको बोटमा सुन्तला फल्ने आशा गरे जस्तै हो । त्यसैले यसले देश र जनताको आवश्यकता अनुसार नामाङ्कन,सिमाङ्कन लगायत केही पनि गर्न सक्दैन । यो जनता झुक्याउने चाल मात्र हो । त्यसैले प्रतिक्रियावादी संविधान संशोधन होइन, यसको खारेज गरेर नयाँ संघीय जनगणतान्त्रिक संविधान निर्माण गरिनु पर्दछ ।

जहाँसम्म स्थानीय र संसदीय चुनाव चुनावको कुरा हो, प्रतिक्रियावादी संविधान र संसदीय व्यवस्थाको कमजोर र खारेजी गर्न उपयोग गर्दा फाइदा हुन्छ भने उपयोग गर्न सकिने हुन्छ, बहिस्कार गर्दा फाइदा हुन्छ भने बहिस्कार गर्न सकिन्छ । यो नितान्त कार्यनैतिक सवाल हो र यो परिस्थितिमा निर्भर रहन्छ ।❖

वर्गदृष्टि Bargadristi Weekly साप्ताहिक

# प्राकृतिक स्रोत सम्पदाको अन्यायपूर्ण दोहन

नेपाल गरिब मुलुक हो । यहाँका श्रमजीवी जनता गरिबीको रेखामुनि बाँचिरहेको छ । थोरै व्यक्तिको हातमा देशको सम्पत्ति र साधन केन्द्रित छन् । सरकारी र गैरसरकारी तथ्यांकले पनि नेपालको उत्पादन वितरणमा भारी असमानता छ भनेर देखाइरहेको छ । भ्रष्टाचारको लागि नेपाल उर्बर रहेको मानिन्छ । जम्मा १७६ वटा मुलुकमध्ये नेपालले आफूलाई १ सयमा जम्मा २९ अंक ल्याई १ सय ३१औं क्रममा सूचीकृत गरेको छ । ट्रान्सपरेन्सी इन्टरनेसनल नेपालले २०७३ माघ १२ मा सन् २०१६ भ्रष्टाचार अवधारणा सूचकांकमा सार्वजनिक गरेको यो तथ्यांक हो । सबैभन्दा बढी भ्रष्ट अफगानिस्तान र त्यसपछि क्रमशः बंगलादेश, पाकिस्तान, श्रीलंका, माल्दिभ्स र भारत रहेका छन् । आश्चर्य त के छ भने भूटानले ६५ अंक ल्याई बढी सुशासन कायम गर्ने मुलुकमा दर्ज हुन पुगेको छ । भ्रष्टाचार पुँजीवादी प्रकृत्तिका धनी वा गरिब सबै देशमा धैरै थोरै रहेकै हुन्छ । नेपालको निम्ति चिन्ताको विषय के छ भने यहाँ राजनीतिक क्षेत्रदेखि लिएर अन्य कुनै पनि क्षेत्र भ्रष्टाचारबाट मुक्त छैन । राजनीति, प्रशासन, कर्मचारीतन्त्र, शिक्षा, स्वास्थ, रोजगार सबै भ्रष्टाचारको कारण रूग्ण छन् । नेपाल गरिब मुलुक किन छ भने यसले आफ्ना आधार प्राकृतिक स्रोत र सम्पदाको उपयोग गर्न जानेन । सुरूमा राणाहरुले मुलुकको वनलाई निजी आम्दानीको स्रोत बनाए । बिर्ता पाएका वनजंगल सखाप पार्दै गए । औलोउन्मूलन कार्यक्रमको सुरूवात भएपछि तराईका बनजंगल मास्दै पहाडबाट मानिस सार्दै नयाँ बस्ती बसाउने योजना तत्कालीन सरकारले ल्यायो । सन् १९५४ मा राम्रो विकास योजना लागु गर्दा चितवनमा ३६,००० थारू परिवार बसोबास गरिरहेका थिए । सन् १९६४ मा नेपाल पुनर्वास कम्पनी खडा गरियो । झापा, सर्लाही, नवलपरासी, खजुरा, राराताल, कैलाली, कंचनपुरमा पुनर्वास कम्पनीहरु खोलिए । पुनर्वास कम्पनी र कर्मचारीले घनाजंगल कटान गरी भूमि कब्जा गर्नुको साथै काठको बिक्रीको नाममा भारततिर वैध/अवैध रुपले निकासी गरियो । त्यहाँका आदिवासी जनजातिहरुलाई विस्थापित गर्दै सरकारी पक्षका पहाडी समुदाय तथा बर्मा, आसाम र मेघालयबाट घुमाइएका नेपालीमूलका बर्मेली र भारतीयहरुलाई बसाउने काम तत्कालीन सरकारहरुले गरे । पुनर्वास कम्पनीहरुले घोषित रुपले ७७,००० हेक्टर भूमि विरतण गरे तर यथार्थमा अवैधानिक ढंगले ३७,००० हेक्टर वन भूमि र रूख कटान गरी कब्जामा लिने काम गरियो । पुनः सन् १९७३-१९७९ को बीचमा नेपाल पुनर्वास कम्पनीले ३४,७७१ हेक्टरभूमि वितरण गऱ्यो । त्यसले भारी मात्रामा वन विनास गऱ्यो ।

जलसम्पदाको कुरा गर्दा नेपालमा पानीको सुलभताप्रति वर्ष प्रतिव्यक्ति ९१२२ क्यु.मि. रहेको छ, जबकि अन्य छिमेकी देशको स्थिति पाकिस्तानमा २९६१ क्यु.मि., श्रीलंकामा २६४२ क्यु.मि., चीनमा २२५९ क्यु.मि. र भारतमा मात्र १८८० क्यु.मि. रहेको छ । यसबाट के बुझिन्छ भने नेपालमा पानीको प्रचुरता धैरै नै माथि रहेको छ । तर दुःखको साथ के भन्नु परेको छ भने नेपाली जनताले वर्षाको मौसममा बाहेक पानीको आभाव बेहोरी रहेको छ । खानेपानीमा परम्परागत चलन, झरना, खोला, इनार, कुवा आदिमा अधिकांश जनता निर्भर छन् । थोरैले मात्र जो शहर बजारमा बस्छन्, सुरक्षित र सफा पानी खान पाइरहेका छन् । यहाँको जलस्रोतमा छिमेकी देश भारतले आँखा मात्रै लगाएको छैन, उसले नेपालमाथि असमान सन्धिसम्झौताको दवाव बढाएर नेपालको जलस्रोत झण्डै कब्जा गरिसकेको अवस्था छ । भारतले नेपालको जलस्रोतप्रति भूटान मोडेलको नीति (आइ.के.गुजराल डक्ट्रिन) लिएको छ । नेपाल-भारत माझ १९५४ मा कोशी सन्धि भएको थियो । भारतले त्यसबाट ९,६९,११० हेक्टर जमिन सिंचाई गरिरहेको छ तर नेपालले २४,४८० हेक्टर मात्र सिंचाई गरिरहेको छ । डा.बाबुराम भट्टराई प्रधानमन्त्री भएको बेला भारत भ्रमणमा जाँदा बिप्पा सम्झौतामा कोशी उच्च बाँधको भारतले एकलौटी योजना बढाउने सहमति भएअनुसार डिपिआर तयार गरिने भएको छ । कोशी उच्च बाँधबारेमा सन् १९४६-५५ सम्म अमेरिकी र ब्रिटिस प्रविधिकहको टोलीले स्थलगत अध्ययन सर्वेक्षण र उत्खनन् कार्य गरेका थिए । तिनीहरुका अध्ययनले के देखायो भनेः

- बाँध निर्माण स्थलमा ९ रेक्टर स्केलको भूकम्प उत्पन्न गर्न सक्ने भौगर्भिक बनोट रहेको अनुमान गरियो ।
- १३.४५ अर्ब घनमिटर पानीको भार थेक्न सकिने चुरे पहाडको क्षमता नभएको ।
- उक्त परिमाणको पानी संकलन गर्दा धैरै क्षेत्र डुबानमा पर्ने र भूस्खलन हुने ।
- चुरे पहाड भत्किए नेपालको सुनसरी, मोरङ, सप्तरी, झापा, उदयपुर र सिरहा जिल्लाको मानव वस्ती, प्राकृतिक सम्पदा, मानव निर्मित भौतिक संरचना, ऐतिहासिक तीर्थ स्थल र पर्यटकीय क्षेत्रको विनाश हुने ।
- भारत, बंगलादेशका धैरै भूभाग डुबानमा पर्ने अथाह जनधनको क्षति हुने ।



कमल चौधरी

राष्ट्रपति चुरे संरक्षण कार्यक्रम पनि कागतमै सीमित रहन गएको छ । पुष्पकमल दाहालले नेतृत्व गरेको सरकारले फेरि चुरे फेदीका नदी खोलाहरूबाट ढुंगा, बालुवा, गिट्टी निकासीमा लगाइएको प्रतिबन्ध फुकुवा गर्ने प्रस्ताव ल्याउदै छ भनेर चर्चा चलेको छ । दाहालको बदलिसकेको नजरियाले विकास र विनाशको भेद देख्न छाडेको छ । दलाल पुँजीपतिवर्गले विस्तारवादको अघिल्तिर लम्पसार पर्दै गर्दा लम्पसारवाद भनिएको होला । तस्कर, भ्रष्टाचारहरूले पनि दाहालको लम्पसारवादलाई बुझेका छन् ।

यिनै कारणले सर्वेक्षण कार्य बन्द गरिएको थियो । सन् १९४६ बाट एकल प्रस्ताव लिएर दवाव दिदै २०११ साल वैशाख १३ गते कोशी सम्झौता गर्न भारतले नेपाललाई बाध्य पारेको थियो । यसबाट सप्तरी, सुनसरी जिल्लाको ३६ हजार बिघा जमिन अधिक्रमण गर्नुका साथै दशौं हजार नेपाली विस्थापित गराइए । सम्झौताअनुसार क्षतिपूर्ति पनि दिइएन ।

गण्डक सम्झौता १९५९ मा भयो । गण्डक सिंचाई र जलविद्युत् योजनामा नेपालले १६,१८७ हेक्टर जमिन पश्चिम नहरबाट र पूर्वीनहरबाट ४१,८८४ हेक्टर जमिन सिंचाई गर्न पाउने व्यवस्था छ जबकि भारतले १६ लाख हेक्टर जमिन यूपी र बिहारमा सिंचाई गरिरहेको छ । यथार्थमा नेपालले ३९,००० हेक्टरमात्र सिंचाई गर्न पाइरहेको छ ।

महाकाली सन्धि सबैभन्दा विवादित छ, महाकाली नदीको टनकपुर परियोजना । महाकाली सन्धि सबै प्रथम नेपालमा चन्द्र सम्शेर प्रधानमन्त्री र भारतमा ब्रिटिश उपनिवेश भएको बेला १९२० ई. मा भएको थियो । त्यस सम्झौताअनुसार .... ब्यारेज बनाउनको लागि २८९८.५ हेक्टर जमिन नेपालको तर्फबाट उपलब्ध गराइएको थियो । १९२८ मा बाँध बनाउने काम पूरा भएको थियो । त्यस बाँधबाट भारतले १५,००० क्युसेक पानी लिइरहेको र नेपाललाई मे-अक्टोबरमा ४६०-१,००० क्यु.सेकसम्म पानी उपलब्ध गराउने भनिएको थियो । भारतलाई २८९८.५ हेक्टर जमिन दिए वापत भारतले ४०९४ हेक्टर जमिन सट्टाभर्ना दिने भनिएकोमा त्यो जमिन भारतले उपलब्ध गराएको प्रमाण छैन ।

गिरिजाप्रसाद कोइराला प्रधानमन्त्री हुँदा भारतसँग गरिएको सन्धिको बारेमा नेपालमा व्यापक विरोध भएको थियो । एमालेको नौ महिने सरकार हुँदा उपप्रधानमन्त्री माधवकुमार नेपाल भारत भ्रमणमा जाँदा महाकाली प्याकेज डिलको अवधारणा ल्याए । २०५२ साल माघमा प्रधानमन्त्री नरसिंह रावले एकीकृत महाकाली विकासको नाममा सन्धि गरेका थिए । नेपालमा त्यसको व्यापक विरोध भएको थियो । त्यसको बाबजुद एमालेको समर्थन नजुटेपछि संसद्मा त्यो सन्धि पारित गरियो । यो टनकपुर परियोजनामा भारतले गरेको अवैधानिक निर्माण, बलमिचाई र नेपाली सार्वभौमिकता माथिको थप आक्रमण हो । यस परियोजनामा पञ्चेश्वर बहुउद्देश्यीय परियोजना सामेल गराइयो । त्यो नेपालको प्राथमिकतामा नपर्ने उद्देश्यहीन योजना हो । त्यस परियोजनाले ४००० मेघावाट विद्युत् उत्पादन गर्ने योजना छ तर नेपालले ७ मेघावाट दिनका दिनको हिसाबले पाउने तर खर्च आधा बेहोर्नु पर्नेछ । ड्यामको कारण ६५००० नेपाली विस्थापित हुनेछन् । अरूण तेस्रो पनि निकै विवादित रह्यो । विश्व बैंकले हात झिकेपछि अर्को पटक ४०२ मेगावाटको योजनामा २००८ मा सम्झौता गरिएको थियो । वर्तमान अरूण-३ को प्रवर्तकले उत्पादित विद्युत्को २१.९ प्रतिशत नेपाललाई उपलब्ध गराउने भनिएको छ । यस परियोजनाको क्षमता लगभग ९०० मेगावाट आंकलन गरिएको छ ।

**माथिल्लो कर्णाली परियोजना** : यो परियोजना भौगोलिक तथा प्राकृतिक सुगमता र अनुकूलताको कारण संसारकै सस्तो परियोजनाभित्र पर्दछ । साथै यस परियोजनाको वास्तविक विद्युत् क्षमता ४१८० मेगावाट रहेको छ र यसबाट पूरै विद्युत उत्पादन गर्न सकिने बहुआयामिक जलाशययुक्त यो परियोजनाबाट सस्तो मूल्यमा बिजुली उत्पादन गर्न सकिन्छ । भारतीय कम्पनी जिएमआरसँग नेपाल सरकारले सम्झौता गरेअनुसार कम्पनीले ९०० मेघावाट बिजुली उत्पाद गरेर भारत लैजाने र सोवापत नेपाल सरकारलाई १२ प्रतिशत ऊर्जा शेयर बापत निःशुल्क दिने गरी भारतीय कम्पनी जिएमआरलाई सुम्पिएको छ । बिजुलीको उत्पादन नेपालमा हुने तर उपभोग चाहीं भारतमा हुने गरी बिजुली राष्ट्रिय ग्रीडमा नजोखी सोझै भारत लैजाने सम्झौताले नेपालको माथिल्लो र तल्लो तटीय क्षेत्रीय अधिकारमा समेत दीर्घकालीन रुपले गम्भीर असर पर्नेछ । यो सम्झौता नेपालको हितमा छैन ।

चुरे फेदीबाट गिट्टी-बालुवा उत्खनन्को कार्य सरकारी पक्षबाट रोक्का गरिए पनि चोरी निकासीको काम रोकिएको छैन । चुरे पहाडको प्राकृतिक भौगर्भिक सौविक र ऐतिहासिक महत्व छ । यो तराईको उर्बरता र पानीको स्रोत पनि हो । तराई र भित्री मधेस गरी १७ प्रतिशत भूखण्डलाई चुरेले सुरक्षा दिइरहेको छ । २०६४ सालदेखि चुरेका फेदीमा हजारौं संख्यामा क्रसर उद्योगहरु सञ्चालन गरेर ढुंगा, गिटी, बालुवा बोकेका प्रतिदिन लाखौंको संख्यामा ट्रकहरु भारततिर कुद्ने गरे, तर त्यसबाट नाम मात्रको दाखिला हुने गरेको कुरा सुन्दा अचम्मै लाग्ने गर्थ्यो । भ्रष्टाचार नियन्त्रण गर्न नीति लिने तर खुला भ्रष्टाचारलाई छुट दिने नीति पनि सरकारकै हुन् । एक त राजस्व पनि नाम मात्रको आउने अर्कोतिर देशको प्राकृतिक सम्पदाको अनियमितता दोहन र विनास गर्न नछाड्ने भएपछि नेताहरुको विकासको योजना र विनासको धन्धाले चुरे र त्यसमा निर्भर जीव जन्तु र जनजीवनमा कस्तो प्रभाव पऱ्यो । सुखा समयमा चुरे फेंदीको खोलामा पानी नहुँदा वनजन्तुको जीवन संकटमा पर्दै गयो । पानीको खोजीमा वनका जन्तुहरु मानववस्तीमा आउन थाले । चुरे आसपासका गाउँहरुमा इनार पोखरी सुकेर पानीको हाहाकार हुन थाल्यो । वर्षामा बाढी पहिरोले खेतबारी र गाउँको वस्तीलाई क्षति पुग्यो । सरकारले यस्तो कामको लागि किन छुट दिन्छ त ? भन्दा त्यत्रो लगानी गरेर क्रसर उद्योग खोल्नु उद्यमीहरु नोक्सानीमा नपरून् भनेर सरकारले त्यस्तो गर्नुपर्ने बाध्यता छ अरे ! कस्तो अचम्म, यहाँ उद्यमको नाममा जे गर्न पनि छुट हुने रहेछ । हो, यही नै हो नाफाको नाममा अपराध गर्न दिने, उद्योगको नाममा विनाश निम्त्याउनेलाई लाइसेन्स दिने राज्य । यस्तै हुन्छ मानवीय संवेदनालाई धोई पखाल गरेर फाल्ने भ्रष्ट पुँजीवादी आवरणमा पेश हुने दलाल पुँजीपति वर्ग र नोकरशाहको राज्य । सामन्तीहरुलाई पनि लाज लाग्ने किसिमको निर्लज नाङ्गो राज्य व्यवस्था । चुरेका फेदीमा अर्को दृश्य पनि छ्यापछ्याप्ति हेर्न पाइन्छ । रातदिन धुँवाको कालो मुस्लो फ्याँकिरहेको ईंट्टाभट्टाका चिम्नीहरु । ईंट्टाभट्टा खोल्न पाउने कुनै नियम कानुन त होला तर यी भट्टाहरु त्यस्ता मापदण्ड विपरीत यत्रतत्र खोलिएका छन् । चुरेदेखि ३ कि.मि.भित्र पर्ने गाउँमा पनि ८-१० इट्टाका चिम्नीहरु उभिएको भेटिन्छन् । त्यसबाट उत्सर्जित धुँवाले त्यहाँको वातावरण, त्यहाका वासिन्दा, पशुपन्छी र वनस्पतिमा कस्तो प्रभाव पारिरहेको छ ? त्यसको अनुमान र नियन्त्रण गर्ने कुनै निकाय छ कि छैन ? छ भने त्यसले के गरिरहेको छ, थाहा छैन । कम्तिमा जनतालाई त्यसको जानकारी छैन ? यो पनि निजी व्यवसायलाई प्रोत्साहित गर्ने धन्धा नै हो । त्यस्तै सिमेन्ट उद्योगका प्लान्टहरु चुरेकै फेदीमा उभिएको भेटिन्छ । चुन ढुंगाको सुविधा र स्वस्त जमिन पाएपछि सिमेन्ट उद्यमीहरुलाई के चाहियो ? त्यहाँबाट भारतीय सीमा पनि नजिक पर्दा वैध अवैध व्यापारिक सुविधा पनि हुने नै भयो ।

यी सबै आपतविपतको भार भूगर्भिककालको हिसाबले सबैभन्दा कान्छो मानिएको चुरे पहाडले बोकिरहेको छ । तर कति दिन ? सबैको आ-आफ्नो क्षमताको सीमा हुन्छ, तराई मरूभूमिमा परिणत हुन धैरै समय लाग्दैन । राष्ट्रपति चुरे संरक्षण कार्यक्रम पनि कागतमै सीमित रहन गएको छ । पुष्पकमल दाहालले नेतृत्व गरेको सरकारले फेरि चुरे फेदीका नदी खोलाहरुबाट ढुंगा, बालुवा, गिट्टी निकासीमा लगाइएको प्रतिबन्ध फुकुवा गर्ने प्रस्ताव ल्याउदै छ भनेर चर्चा चलेको छ । दाहालको बदलिसकेको नजरियाले विकास र विनाशको भेद देख्न छाडेको छ । दलाल पुँजीपतिवर्गले विस्तारवादको अघिल्तिर लम्पसार पर्दै गर्दा लम्पसारवाद भनिएको होला । तस्कर, भ्रष्टाचारहरुले पनि दाहालको लम्पसारवादलाई बुझेका छन् । यस्तै हो भने यस्तो व्यवस्था र यस्तो सरकारलाई कल्याण गर्ने पशुपतिनाथ नै होला । जनताले विषपान गराउनेलाई जीवनदान दिन सक्दैनन् ।

भर्रोटर्रो — कैलुब्राह

# पर जा तन्त्र दिवसका उडुसहरु

यो पृथ्वीलोकमा एउटा यस्तो देश छ जहाँ एउटा होइन दुईटा होइन चारचारवटा 'प्रजातन्त्र दिवस' मनाइन्छ । त्यो पनि लरतरो तरिकाले होइन, बडो तामझामका साथ । निकै खर्चिलो, भड्किलो र राष्ट्रको ढुकुटी रित्याएर । दिवस मनाउँदाको रात राज्यसत्ता बडो आनन्दसँग निदाउँछ । बेलुका अङ्ग्रेजी मार्काका राता, काला, हरिया सिसिका विर्का खोल्छ । सेकुवा र भटुरेका लाम्टा लुच्छ र अङ्ग्रेजी दारु चियर्स गर्दै तुनुक्क तुन्क्याउँछ र हनिमुन मनाउँदै लाखौंका विकासी थाङ्नामा लुड्किन्छ । किनकि उसले प्रजालाई दिवसका अवसरमा निकै सुखशान्ति र समृद्धि बाँडेको छ । आफ्ना प्रजाहरूलाई उनीहरूकै हात हातमा तन्त्र थमाएकोमा ऊ प्रफुल्ल मुद्रामा मखलेल हुन्छ । त्यो देश भनेको नेपाल नाम गरेको मण्डल हो, जहाँका शासकहरू प्रभुहरूको भजन गाउँदै वेलाबखत आशिर्वाद थाप्न कमण्डलु भिरेर तिर्थाटनतिर हिँड्छन् ।

यहाँ 'प्रजातन्त्र दिवस' पनि दलैपिच्छेका आ-आफ्नै भागशान्तिका छन् । ती हुन् पहिलो सातसाले 'प्रजातन्त्र' खासमा पर जा तन्त्र दिवस । यो काङ्ग्रेस नाम गरेको दलको हजुरियामा बक्स भएको दिवस हो । यो हरेक वर्सको फागुन ७ गते अर्थात् आजका दिनमा पर्छ । दोस्रो छ्यालीससाले 'बहुदलीय प्रजातन्त्र' दिवस । यो बामकाङ दलको हजुरियामा बक्स भएको दिवस हो । यो प्रत्येक बर्सको चैत २६ गते पर्छ । यसलाई चैते प्रजातन्त्र पनि भनिन्छ । तेस्रो नयाँ साल फेरिने महिना आर्थत् बैसाख ११ गतेको 'लोकतन्त्र दिवस' । यो सातदले लाउकेहरूको हजुरियामा बक्स भएको दिवस हो । यसलाई पुनर्वाहालीय प्रजातन्त्र पनि भनिन्छ । चौथो हो जेठ १५ को 'गणतन्त्र दिवस' । यो हाल नेकपा (माके) अर्थात् नेपाल कमाउ पाइटी (मारवाडीकेन्द्र) का सुप्रिमोका हजुरमा बक्स भएको दिवस हो । यी चारै थान दिवसको सारतत्व भनेको 'पर जा तन्त्र' दिनु हो । चारखाले दललाई भागशान्ति प्रजातन्त्र दिवस पुगेपछि पञ्चप्रेतहरूको प्रजातन्त्र दिवस मात्र खारेज किन गर्ने ? त्यसैले अब उप्रान्त पञ्चप्रेतहरूको दिव पुस १ को पञ्चायती प्रजातन्त्रलाई ब्युँताउनु पर्छ भन्ने यो कैलुब्राहको प्रस्ताव छ । किनि पञ्चप्रेतहरू पनि एउटै आमाका सन्तानै त हुन् । अर्की आमाका त होइनन् । तिनले पनि एउटै प्रभुलाई पूजाआजा गर्छन् क्यारे । यो बर्स यदि पुस १ गतेलाई नमाने पनि पुस २७ लाई माने पनि पञ्चप्रेतहरू खुसी हुन्छन् । अहिले त पञ्चप्रेत बाहेकका जबजेहरूले पनि पुस २७ लाई एकताको प्रजातन्त्र मान्नु पर्छ भन्ने प्रस्ताव कुकुरको मासु दोकानमा उठाएकै हुन् ।

यहाँ 'प्रजातन्त्र दिवस' पनि दलैपिच्छेका आ-आफ्नै भागशान्तिका छन् । ती हुन् पहिलो सातसाले 'प्रजातन्त्र' खासमा पर जा तन्त्र दिवस । यो काङ्ग्रेस नाम गरेको दलको हजुरियामा बक्स भएको दिवस हो । यो हरेक वर्सको फागुन ७ गते अर्थात् आजका दिनमा पर्छ । दोस्रो छ्यालीससाले 'बहुदलीय प्रजातन्त्र' दिवस । यो बामकाङ दलको हजुरियामा बक्स भएको दिवस हो । यो प्रत्येक बर्सको चैत २६ गते पर्छ । यसलाई चैते प्रजातन्त्र पनि भनिन्छ ।

जे होस् यी सबै दिवसको जन्म र न्वारान दिल्ली दरबारको प्रसुतीगृहमा भएका हुन् । नेपालमा चलेका आन्दोलन, जनआन्दोलन र जनयुद्ध आदि आदिलाई कडा प्रकारको प्रसुती वेथा लागेपछि सुत्केरी गराउन प्रभुका दरबारमा रहेको प्रसुती अस्पतालमा लैजानु पऱ्यो । त्यहाँ पुऱ्याएपछि डाक्टर प्रभु महाराजले अप्रेशन गरे र विभिन्न वर्ण र जातका पर जा तन्त्रहरू जन्मिए । त्यसपछि उतै न्वारान गरिवरी जुगानुकुलका दलका लाउकेहरूलाई प्रभुले यी पर जा तन्त्र नामका बच्चा थमाएर शासन गर भनि पठाइदिए । यसरी चारथान 'प्रजातन्त्र दिवस' जन्मिए हुर्किए र तिनले दलका लाउकेहरूलाई फल्दो फाप्दो बनाए ।

यी चारै थान पर जा तन्त्र दिवसले आआफ्नो कार्यकालमा एकेक वटा संविधान नामको उडुस जन्माए । ती उडुस नेपाल मण्डलका झुप्राछाप्राहरूमा पसेर गरिबगुरुवा काम गरी खाने प्रजाहरूलाई टोकेर तिनका रगत चुस्नसम्म चुसेर ढाएिको छ । ढाडिएको मात्रै छैन, यो उडुसले त जति माऱ्यो उती फैलने अमिवाजस्तै स्याउँस्याउँती लिखा पारेको छ । विभिन्न क्षेत्र, जाति, धर्म र संस्कृतिका गरिबगुरुवाका झुप्राछाप्राहरूबाट उनीहरूलाई उठिबास लाएको छ । ती छाप्राका गरिबगुरुवा तन्नेरी पाखुराहरूलाई विभिन्न मुलुकमा भासिन वाध्य पारेको छ । चलीबेटीहरू वेचिन, नाङ्गिन, मारिन वाध्य पारेको छ । यो सबै करामत यिनै चार थान पर जा तन्त्र दिवसका उडुसहरूको हो । यतिखेर गणतन्त्र नामको उडुसले त झन् जन्मेदेखि नै गरिबगुरुवालाई टोकेर हैरान पारेको छ । कयौंको त ज्यान पनि लिइसक्यो ।

यो उडुसले मनुखेलाई मात्रै टोक्दैन । यसले त नदी, खोला, बनजङ्गल, खानिखनिज, जडिबुटी, ढुङ्गा, गिट्टी, बालुवा, गैंडा, हात्ती, बाघ, भालु, कस्तुरी, मृग र सरकारी उद्योगधन्दा सबै सबैलाई टोकेर हैरान पारेको छ । प्रकृतिले दिएका अपार जिनिस समेत उडुसले टोक्ने र प्रजातन्त्रले बेच्ने गरेर सबै रित्याइसकेको छ । यतिखेरको गणतान्त्रिक उडुसले कर्णाली, अरूण, कोसी हाइड्यामलाई टोकेर भाग्ने बनायो । अहिले यो उडुसले त्रिभुवन एयरपोर्ट र चुरेका गिट्टी ढुङ्गालाई टोक्न थालेको छ । उडुसले टोकेर छटपटिएका जिनिसलाई गणतन्त्रले बेच्नका लागि विलसिल काटेर ठिक्क पारेको छ । मोलतोल मिल्ने वित्तिकै प्रभुका चरणमा यी जिनिसहरू रातारात बेचिने छन् । यो प्रजातन्त्र र गणतन्त्रले दिउँसोमा आँखा देख्दैन । दिउँसो आँखा नदेख्ने दिनन्धो रोग लागेको छ । त्यसैले यसले विल काट्दा र पैसा असुल्दा रातको १२ बजे मात्रै गर्छ । दिनन्धो रोग लागेकाले प्रभुले कहिले विशेष दूत पठाएर र धेरैजसो यहीं बस्ने दूत मार्फत् आँखामा दवाईपानी हाल्न लगाउँछ । दावाईपानी पाउने वित्तिकै प्रभुका चरण छुन् प्रजातन्त्र दगुरी हाल्छ । यतिखेर गणतन्त्रको छाउरो काजीसाब प्रभुको दर्शनभेट गर्न कुदेको छ । त्यसपछि को को जाने हुन् थाहा छैन । भित्रभित्रै सबैले पालोशान्ति साइत जुराएर बसेका छन् । यसरी पर जा तन्त्रका उढुसहरूले नेपाली मनुखेहरूलाई हैरान पारेकै छन् । यी उडुस मासिने त छाँटै छैन बा । टोकाई सहने मनुखेहरू पो उल्लू हुन् कि भन्छु म त । ७ फागुन २०७३

kailubraha73@gmail.com

# कार्लमार्क्स : महान चरित्रका केही प्रमुख विशेषता–२

**मार्क्सको बौद्धिक जीवन ज्यादै विशाल, बहु-आयामिक र समृद्ध थियो, र अध्ययन-मनन गर्ने उहाँको रुचि नमेटिने खालको थियो । पौल लाफार्जले आफ्नो संस्मरणमा उहाँको अध्ययन कोठाको जुन संक्षिप्त विवरण दिएका छन्, त्यसबाट उहाँको बौद्धिक जीवनबारे केही आभास मिल्छ ।**



कृष्णदास श्रेष्ठ

गतांकको बाँकी

आफ्नो ज्ञान, शक्ति र सामर्थ्यप्रति मार्क्समा घमण्डको लेसमात्र पनि थिएन । फलले लटरम्म भएको रुख झैं, उहाँ विनम्र हुनुहुन्थ्यो । उहाँ साधारण कार्यकर्ताहरू र तलबाट आएको रायलाई बडो ध्यान दिएर सुन्नुहुन्थ्यो र, त्यसमा रहेको साँचो कुराको बडो सराहना गर्नुहुन्थ्यो । मार्क्सको उक्त गुणको सम्बन्धमा फ्रीडरिक लेस्सनरले आफ्नो संस्मरणमा लेखेका छन् : *"सबै साँच्चिकै महान पुरुषहरू झैं, मार्क्समा घमण्ड बिलकूल थिएन । उहाँ प्रत्येक इमान्दार प्रयत्नलाई र आत्म-निर्भर चिन्तनमा आधारित प्रत्येक रायलाई सराहना गर्नुहुन्थ्यो । मैले पहिलो भने झैं, उहाँ मजदुरवर्गीय आन्दोलनमा काम गर्ने सबभन्दा साधारण कार्यकर्ताहरूको राय सुन्न सधैंभरि उत्सुक हुनुहुन्थ्यो । त्यसैले, उहाँ अक्सर अपरान्ह म कहाँ आउनुहुन्थ्यो, घुम्न जाँदा मलाई आफूसँग लैजानुहुन्थ्यो र विभिन्न विषयहरूमा मलाई बताउनुहुन्थ्यो । स्वभावतः म उहाँलाई जति पनि कुरा गर्न दिन्थे, किनभने उहाँको कुरा र उहाँले तर्क गरेको सुन्नु साँच्चिकै आनन्द लाग्दथ्यो । म सधैंभरि उहाँको कुराकानीबाट मुग्ध रहन्थे र उहाँलाई छोडेर हिंड्न गाह्रो लाग्दथ्यो । सामान्यतः उहाँ राम्रो साथी हुनुहुन्थ्यो र आफ्नो सम्पर्कमा आएका सबैलाई बलियोसित आकर्षित र मुग्ध समेत पार्नुहुन्थ्यो । उहाँको बुद्धि अजस्र थियो र उहाँको हाँसो भित्र दिलदेखि निस्केको हुन्थ्यो । जब कुनै मुलुकमा हाम्रा पार्टी कामरेडहरूले विजय हासिल गरेका हुन्थे, तब उहाँ अत्याधिक बेरोक तरिकाले आफ्नो आनन्द व्यक्त गर्नुहुन्थ्यो र ठूलो स्वरमा खुशी हुनुहुन्थ्यो, र उहाँको खुशीले उहाँको वरिपरि रहेका सबैलाई प्रभाव पारेको हुन्थ्यो ।"* (३२५)

सर्वहारावर्ग र शोषित-पीडित जनताको पक्षमा लाग्ने क्रान्तिकारी योद्धाको हैसियतले मार्क्समा स्वाभाविक रूपले शोषकवर्ग र शोषण-व्यवस्थाप्रति अपार घृणा रहेको थियो । त्यस्तै, शोषक-शासकवर्गहरूको हितमा संलग्न रहेका विद्वानहरूले देखाउने निष्पक्षताको स्वांगप्रति पनि उहाँमा घृणा थियो । शोषक तथा उत्पीडकहरू, उपनिवेशवादी आक्रामक तथा लुटेराहरू, निरकुंश शासकहरू, सत्ताका भोका सामन्ती तथा पुँजीवादी मालिकहरू, धार्मिक पाखण्डी तथा स्वार्थ-लिप्सा पुरेतहरू, आदिलाई उहाँ गहिरोसित घृणा गर्नुहुन्थ्यो, र सो घृणा उहाँका रचनाहरूमा तिनप्रति गरिएको रोषपूर्ण तथा घृणापूर्ण विशेषण-प्रयोगमा स्पष्टसित अभिव्यक्त भएको थियो । भारतमा शासन र लूट गर्ने ब्रिटिश उपनिवेशवादीहरूलाई "ब्रिटिश पशु"को संज्ञा दिएको कुरा माथि उल्लेख भएको छ । त्यस्तै, पूर्वका मुलुकहरूमा लूटको अभियानमा लागेकाहरूलाई "अभियानी पटमूर्ख", स्लाव मुलुकको विजयका सङ्गठनकर्ता जर्मन राजकुमार हिनरिक द लोबेलाई "विश्वासघाती तथा जङ्गली फोहरी", बाल्टिक राष्ट्रहरूका बर्बर विजेताहरूलाई "बदमाश" तथा "नीच योद्धा", १६औं शताब्दीमा भाडावाल लुटेराहरूलाई "अन्तर्राष्ट्रिय लुटेरा लफँगा", भन्ने संज्ञा दिनुभयो । त्यस्ता तत्वहरूप्रति गरिएको घृणा र रोषले भरिपूर्ण तीक्ष्ण शब्द-वाण तिनप्रति उहाँको धारणाको अभिव्यक्ति थियो । तर शोषक र शोषण-व्यवस्थाप्रति अपार घृणा र रोष हुँदाहुँदै, उहाँले इतिहासलाई कहिल्यै सरल रूपमा लिनु भएन । उहाँमा ऐतिहासिक विकास-क्रममा देखापरेका विभिन्न व्यवस्था, संस्थान र व्यक्तित्वहरूका विपरित लक्षणहरू र तिनका सकारात्मक तथा नकारात्मक पक्षहरूलाई देख्नसक्ने खुबी थियो । उदाहरणका लागि, ज्यालादारी दासत्वमा आधारित पुँजीवादी व्यवस्था र मजदुरहरूको अमानवीय शोषण गर्ने पुँजीपतिवर्गप्रति घृणा र रोष भए पनि, उहाँले ऐतिहासिक विकासमा उक्त व्यवस्थाको प्रगतिशील भूमिकालाई देख्नुभएको थियो । अनेकौं मामिलाहरूमा उहाँको त्यस्तै दृष्टिकोण रहेको थियो । घृणा र प्रेम एक अर्काको विपरित भए पनि, एक अर्काको पुरक पनि हुन् । जसले प्रेम गर्न सक्दैन उसले घृणा पनि गर्न सक्दैन । कुनै वस्तुका दुइटा छेउ झैं, ती सँगसँगै रहने गर्छन्, किनभने दुई छेउहरूको मिलन स्वाभाविक रहन्छ । जुन व्यक्तिमा शोषित जनताप्रति प्रेम हुन्छ, उसमा स्वाभाविक रूपले शोषकहरूप्रति घृणा पनि हुन्छ । शोषक, अत्याचारी, उपनिवेशवादी लेटेरा, धार्मिक पाखण्डी, कपटी पुरेत, आदिप्रति मार्क्समा भयानक घृणा र रोष हुनाको खास कारणले के भने उहाँमा शोषित-उत्पीडित जनताप्रति, सत्य र न्यायप्रति अपार प्रेम थियो । आफ्नो पिताको उक्त चारित्रिक लक्षणबारे इलेनोर मार्क्स एवेरिङ्गले आफ्नो **कार्ल मार्क्स** शीर्षकको संस्मरणमा लेखेका थिए :

*"मानवीय स्वभावका विद्यार्थी रहेकाहरूको लागि कुन कुरा अनौठो लाग्नेछैन भने त्यस्तो योद्धा रहेको यो व्यक्ति मानिसहरूमा सबभन्दा दयालु र सबभन्दा सुशील पनि हुनुपर्छ । तिनीहरूले कुन कुरा बुझ्नेछन् भने उहाँले यत्रो भयानक रूपले घृणा गर्न सक्नाको कारण के भने उहाँ अति गहिरोसित प्यार गर्न सक्नुहुन्थ्यो । उहाँको सशक्त कलमले कुनै आत्मालाई स्वयम् दाँतेलाई जतिकै निश्चित रूपले नरकमा कैद गर्न सक्नाको कारण के भने उहाँ अति सच्चा र कमलो हुनुहुन्थ्यो, र यदि उहाँको हास्यव्यङ्ग्यले विनष्टकारी एसिडले जस्तै टोक्न सक्छ भने उही हास्यव्यङ्ग्य दुःख र पीडामा परेकाहरूको लागि कष्टहारक मलम बन्न सक्छ ।"* (३२६)

के भनिन्छ भने शैली नै मानिस हो, मानिसको शैली नै वास्तविक मानिस हो, र यो बिलकुल साँचो कुरा हो । शैली एउटा यस्तो साधन हो, जसको मद्दतबाट कुनै लेखकको व्यक्तित्व र दिललाई बुझ्न र चिन्न सकिन्छ । सुविख्यात रुसी कवि अलेक्जाण्डरको भनाइ के छ भने कुनै पनि लेखकको शैली उसको आत्माको सारतत्वसित घनिष्ठ रूपले गाँसिएको हुन्छ र देख्नसक्ने आँखाले शैलीमार्फत् आत्मालाई देख्न सक्छ । वास्तवमा, शैली एउटा यस्तो ऐना हो, जसमा लेखकको सम्पूर्ण व्यक्तित्व, उसको विचारधारा र चरित्रका विशेषताहरू र उसको कृतिको आधारको सम्पूर्ण सांस्कृतिक उत्तरदान प्रतिबिम्बित हुन्छन् ।

उपरोक्त भनाइ मार्क्सको सम्बन्धमा झन बढी साँचो रहेको छ – मार्क्सको शैली नै मार्क्स हो । पाखण्डीपन, अस्पष्ट तार्किकता, मिथ्याकरण, बहानाबाजी, शब्दजाल आदिका कट्टर विरोधी हुनाले, उहाँ ठीकसित र स्पष्टसित अभिव्यक्त गर्नुपर्ने कुरामा ठूलो जोड दिनुहुन्थ्यो । उहाँको प्रतिभाको एउटा खास विशेषता के थियो भने उहाँमा आफूलाई, आफ्नो भावना र विचारलाई स्पष्टसित अभिव्यक्त गर्ने ठूलो सीप थियो । बोल्दा-लेख्दा स्पष्ट अभिव्यक्ति दिन सक्नाको खास कारण के भने उहाँमा वैचारिक स्पष्टता रहेको हुन्थ्यो । जो विचारमा स्पष्ट हुन्छ, उसले नै त्यसलाई स्पष्ट अभिव्यक्ति दिन सक्छ । स्पष्ट अभिव्यक्ति भनेको स्पष्ट चिन्तनको प्रतिफल हो । मार्क्स कुनै पनि विचार तथा धारणालाई स्पष्ट र सही ढङ्गले व्यक्त गर्न जहिले पनि मेहनत गर्नुहुन्थ्यो ।

बहु-आयामिक र बहुपक्षीय व्यक्तित्वको रूपमा मार्क्सको शैली एउटै रूपको नहुनु कुनै अस्वाभाविक कुरा थिएन । तर उहाँको शैलीको विविधतामा एकता रहेको थियो । यस कुरालाई आफ्नो **संस्करण**मा लिब्नेच्टले यसरी देखाए : *"पाखण्डीपन, झुटो अभिव्यक्ति, बहानाबाजीका लागि असमर्थ रहेको हुनाले मार्क्स, आफ्नो जीवनमा झैं, आफ्ना रचनाहरूमा पनि सधैंभरि आफै हुनुहुन्थ्यो । स्वभावतः उहाँको जस्तो बहुपक्षीय, बहुविज्ञ, तथा सर्वव्यापी चरित्रको शैलीमा कुनै कम जटिल, कम विस्तृत शैलीको एकरूपता, एकनासपन वा विरक्ति हुन सक्दैनथ्यो । पुँजीको मार्क्स, अठारौं ब्रुमेरको मार्क्स र हेर फोग्टको मार्क्स तीन भिन्ना-भिन्नै मार्क्स हुन्, तर तिनको विविधतामा तिनीहरू एउटै मार्क्स हुन् । तिनको त्रिमूर्तिमा एकता छ, उहाँको त्यस्तो महान व्यक्तित्वको एकता छ, जसले आफूलाई विभिन्न क्षेत्रमा विभिन्न रूपबाट व्यक्त गर्छ, तर पनि जुन सधैंभरि उही नै रहन्छ ।"*

अनि उक्त तीन बेग्लाबेग्लै शैलीलाई उनले निम्न रूपमा दर्शाए :-

*"पुँजीको शैली बुझ्न गाह्रो छ भन्ने कुरा मानिएको छ, र त्यसमा चर्चा गर्रिएको विषय के बुझ्न सजिलो् छ त ? शैली भनेको मानिस मात्र होइन, त्यो त सामग्री पनि हो, शैलीलाई सामग्रीको अनुकूल पारिनु पर्छ । विज्ञानमा पुग्ने कुनै सजिलो बाटो छैन । प्रत्येकले आफैले शक्ति लगाउनुपर्छ, चाहे उसमा नेतृत्वको सर्वोत्तम गुण नै किन नहोस् । पुँजीको गाह्रो, गहन वा बोझिलो शैलीबारे गुनासो गर्नु आफ्नै मानसिक अल्छीपन वा सोच्ने असमर्थतालाई सकार्नु मात्र हो ।*

*"यदि घृणा, तिरस्कार र स्वतन्त्रताको जल्दो प्यारलाई कहिल्यै जल्दो, विनष्टकारी, उच्च शब्दमा व्यक्त गरिएको छ भने त्यो अठारौं ब्रुमेरमा गरिएको छ, किनभने त्यसले टेलिटसको क्रोधपूर्ण कठोरतालाई जुवेनलको घातक व्यङ्ग र दाँतेको पवित्र क्रोधसित एकजुट पारेको छ । यहाँ शैली प्राचीन कालमा रोमनहरूको हातमा रहेको अस्त्र* (stilus) *हो – एउटा यस्तो तीखो अस्त्र, जसलाई लेख्न र रोप्न प्रयोग गरिन्छ । शैली एउटा यस्तो भाला हो जसले भूलै नगरिकन मुटुमा प्रहार गर्छ ।*

*"र हेर फोग्टमा, एकजना फाल्सटाफ र उसमा व्यङ्गको खजाना भर्नको लागि कहिल्यै नसिद्धिने सुरुङ भेट्टाउनमा कत्रो जाज्वल्यमान बुद्धि, कत्रो शेक्सपियरको जस्तो चहलपहल ।*

*"मार्क्सको शैली साँच्चिकै मार्क्स आफै हो । न्यूनतम ठाउँमा सकेसम्म बढी वस्तुसार कोचेर राख्न खोज्ने भनेर उहाँलाई गाली गरिन्छ, तर त्यो नै ठीक रूपमा मार्क्स हो ।"* (३२७)

लेखन-कलामा मार्क्स महानतम लेखकहरूको श्रेणीमा पर्नुहुन्छ । लेखनको क्षेत्रमा लेस्सिङ, गेटे, शेक्सपियर, दाँते, सर्भान्तेस, हीने आदि उहाँका शिक्षकहरू थिए र उनीहरूबाट उहाँले धेरै कुरा सिक्नुभएको थियो । उनीहरूका उत्कृष्ट रचनाहरू उहाँ बारम्बार पढ्ने गर्नुहुन्थ्यो ।

संक्षिप्तमा धेरै कुरा भन्न सक्नु मार्क्समा रहेको एउटा ठूलो खुबी थियो । उहाँ थोरै शब्दमा मानवीय चरित्रहरूको वर्णन गर्नमा र गहन मनोवैज्ञानिक चित्रण गर्नमा निकै पोख्त हुनुहुन्थ्यो । प्रत्येक वाक्यमा, प्रत्येक वाक्यांशमा संक्षिप्तता हुनुका साथै विचार कोचेर राखेको हुन्थ्यो, जसले गर्दा ती उखान जस्तै बन्न पुग्थे । समृद्ध वस्तुसार भएका अर्थपूर्ण, गतिशील, सशक्त र संक्षिप्त वाक्यहरू बनाउने कलामा उहाँ असाध्य पोख्त हुनुहुन्थ्यो । उखान समान बनेका त्यस्ता वाक्यहरू उहाँका कृतिहरूमा निकै संख्यामा पाइन्छ ।

मार्क्सको शैलीको मौलिकता एउटा कुन कुरामा रहेको छ भने उहाँ एउटै वाक्यमा विभिन्न, विरोधी पक्षहरूको टक्कर गराएर तिनको संयोजन पैदा गर्नुहुन्छ । उहाँ वाक्यको रचना कुन ढङ्गबाट गर्न सक्नुहुन्छ भने त्यसमा विपरित धाराहरूको द्वन्द्व गराएर तुरुन्तै तिनको विपरित कुरा पैदा हुन्छ, अर्थात् एउटै वाक्यमा विचारहरूको मुठभेड गराइन्छ । त्यसका एकाध उदाहरणहरू निम्न प्रकारका छन् :

*"जुन साध्यको लागि न्यायोचितता नभएको साधनको आवश्यकता पर्छ, त्यो कुनै न्यायोचित साध्य होइन ।*

*"क्रूरता काथरताद्वारा निर्धारित नियमहरूको एउटा विशिष्ट लक्षण हो, किनभने क्रूर भएर मात्र काथरता शक्तिशाली हुन सक्छ ।*

*"धर्म उत्पीडित प्राणीको सुस्केरा हो, हृदयहीन संसारको हृदय हो, जसरी कि त्यो आत्माहीन स्थितिको आत्मा हो ।*

*"सार्की जेकोब बोमे एक ठूला दार्शनिक हुन् । नाउँ चलेका धेरैजसो दार्शनिकहरू ठूला सार्की मात्र हुन् ।*

*"........... आलोचना मस्तिष्कको कुनै आवेग होइन, यो त आवेगको मस्तिष्क हो । यो कुनै चुच्चो परेको चक्कु होइन, यो त एउटा हतियार हो ।"*

मार्क्सका रचनाहरूमा उपरोक्त खालका धेरै अभिव्यक्ति पाइन्छन् । वास्तवमा त्यस्ता अभिव्यक्तिहरूमा उहाँको शैलीको खास विशिष्टता, मौलिकता तथा मुग्धकरताको अभिव्यक्ति हुनाको साथै द्वन्द्वात्मक ढङ्गले विकास भइरहेका सामाजिक परिघटनाहरूको सारतत्व, स्वयं जीवनको द्वन्द्ववाद पनि अवधारणाहरूको द्वन्द्वमार्फत अभिव्यक्त भएको हुन्छ ।

शुद्धता, स्पष्टता, समुचितता तथा सशक्तता, संक्षिप्तता, गहनता, व्यङ्गात्मकता, गतिशीलता सहितको अभिव्यक्ति मार्क्सको शैलीको प्रमुख विशेषता हो । माथि लिब्नेच्टद्वारा उल्लेखित कृतिहरू साहित्यिक तथा शैलीगत उत्कृष्टताका नमूना हुन् । उक्त शैलीले एक महानतम प्रतिभासम्पन्न व्यक्तित्वको सिर्जनात्मक प्रयोगशालालाई स्पष्टसित देखाउँछ ।

मार्क्समा पुस्तकहरूप्रति ठूलो प्यार र उत्साह थियो । आफ्नो **स्वीकारोक्ति**मा आफूलाई सबभन्दा मनपर्ने कुरा "किताबको किरा बन्नु" भन्ने भनाइले पनि सो कुरा स्पष्ट पारेको छ । तर पुस्तक उहाँको लागि शोखको वस्तु थिएन, अरुमाथि प्रभाव पार्ने वा शान देखाउने साधन थिएन । पुस्तकहरू त उहाँको लागि चिन्तन-मनन गर्ने, जीवन र जगतलाई बुझ्ने साधन मात्र थिए । उहाँ कुन कुरा भन्ने गर्नुहुन्थ्यो भने *"किताबहरू मेरा दास हुन् र तिनीहरूले मैले चाहे अनुसार मेरो सेवा गर्नुपर्छ ।"* (३२८) किताबहरूप्रति आफ्नो प्यार र तिनको उपयोगको सम्बन्धमा उहाँले १८६८ अप्रिल ११ तारिखमा लौरा र पौल लाफार्जलाई लेखेको पत्रमा भन्नुभयो : *"मलाई किताबहरू ज्यादै मनपर्छ भन्ने कुरा तिमीहरूले अवश्य पनि अनुमान गर्नेछौं । म एउटा यस्तो यन्त्र हुँ, जसको काम किताबहरूको भक्षण गर्नु र अनि त्यसलाई, परिवर्तित रूपमा, इतिहासको फोहोरको थुप्रोमा फाल्नु रहेको छ । यो एक उच्चाटलाग्दो काम पनि हो, तर पनि ग्लैडस्टोनको कामभन्दा त राम्रै काम हो, किनभने उनी, एक दिनको सूचनामा बौलट्ठी 'मनोस्थिति'मा, भनिएको 'तत्परता'मा काम गर्न बाध्य छन् ।"* (३२९)

मार्क्सको बौद्धिक जीवन ज्यादै विशाल, बहु-आयामिक र समृद्ध थियो, र अध्ययन-मनन गर्ने उहाँको रुचि नमेटिने खालको थियो । पौल लाफार्जले आफ्नो **संस्मरण**मा उहाँको अध्ययन कोठाको जुन संक्षिप्त विवरण दिएका छन्, त्यसबाट उहाँको बौद्धिक जीवनबारे केही आभास मिल्छ । उनले लेखेका छन् : *"सो अध्ययन कोठा भूइँतल्लामा थियो; र त्यो बाहिर हेर्दा पार्क देखिने फराकिलो झ्यालबाट आएको प्रकाशले उज्यालो रहेको हुन्थ्यो । झ्यालको सामुन्ने र अँगेनाको दुवैपट्टि भित्ताहरूमा किताबहरूले भरिएका र सिलिङ्गसम्म छुने गरी अखबार र पाण्डुलिपिहरू थोपारेका पुस्तकका दराजहरू थिए । झ्यालको एकापट्टी अँगेनाको सामुन्ने कागज, किताब र अखबारहरू थुपारेका दुईटा टेबुल थिए । कोठाको बीचमा, उज्यालो हुने गरी, (३' × २' को) एउटा सानो, साधारण डेस्क र एउटा कोठाको आरामकुर्सी थियो । आरामकुर्सी र दराजको बीचमा, झ्यालको सामुन्ने, एउटा छालाको सोफा थियो, जसमा मार्क्स समय-समयमा आराम लिन पल्टने गर्नुहुन्थ्यो । भित्तामा माथिबाट झुन्ड्याइएको कोठाको तख्तामा अरु पुस्तक, सिगार, सलाई, सुर्तीको बट्टा, कागज थिच्ने वस्तु, र मार्क्सका छोरीहरू र स्वास्नी, विल्हेल्म ओल्फ र फ्रेरिडक एन्जेल्सका फोटोहरू राखिएका थिए ।"* (३३०)

मार्क्सको उक्त पुस्तकालयमा एक हजारभन्दा बढी पुस्तकहरू थिए, र विषयवस्तु अनुसार तिनलाई मिलाएर राखिएको थियो । ती पुस्तकहरू उहाँले आफ्नो लामो अनुसन्धानकार्यको सिलसिलामा जम्मा पार्नुभएको थियो र ती बाहेक अन्य पुस्तकहरू अध्ययन गर्नु पर्दा उहाँ नियमित रूपले ब्रिटिश म्यूजियम जानुहुन्थ्यो ।

हेगेलको कस्तो सल्लाह थियो भने आफूले नजानेको विदेशी भाषामा लेखिएको कविता कण्ठ पढ्ने गरेमा सम्झना-शक्तिलाई बढाउन सकिन्छ । उक्त सल्लाह अनुसार मार्क्सले आफूमा सम्झना-शक्तिको विकास गर्नुभएको थियो, र उहाँमा असाधारण र भरपर्दो खालको सम्झना-शक्ति थियो । उहाँ आफ्ना पाण्डुलिपि र नोटबुकहरू बराबर पढ्ने गर्नुहुन्थ्यो र त्यस्तै आफूले पहिले पढेका किताबहरूमा कलमले चिन्ह राखेका कुराहरूलाई पनि समय-समयमा हेर्ने गर्नुहुन्थ्यो, जसले गर्दा उहाँलाई ताजा सम्झना भैरहन्थ्यो ।

साहित्यप्रति उहाँमा ठूलो चाख र प्यार थियो र उहाँ बडो चाख लिएर र निरन्तर रूपमा त्यसको अध्ययन गर्नुहुन्थ्यो । उहाँलाई हीने र गेटेका कविताहरू कण्ठ थियो र उहाँ सबै युरोपियाली भाषाहरूमा कविता पढ्ने गर्नुहुन्थ्यो । हीने र गेटेबाहेक उहाँलाई मनपर्ने कविहरूमा दाँते र रबर्ट बर्न्स थिए । प्राचीनकालका ग्रीक नाटककारहरूमा उहाँ एसिलसलाई वर्षेनी पढ्नुहुन्थ्यो, र जहाँसम्म सेक्सपियरको सवाल छ, एक महानतम, प्रतिभासम्पन्न नाटककारको रूपमा उनीप्रति उहाँमा ठूलो सम्मान थियो र उहाँले उनका सबै कृतिहरूको विस्तृत रूपमा अध्ययन गर्नुभएको थियो । ती महान अङ्ग्रेजी नाटककार त उहाँ र उहाँको सम्पूर्ण परिवारको सबभन्दा प्रिय पात्र थिए, र उनका कतिपय रचनाहरू मार्क्सका तीनजना छोरीहरूलाई कण्ठस्थ थियो । मार्क्सलाई चाखलाग्ने साहित्यिक विधा उपन्यास थियो, र डार्विन झैं उहाँ उपन्यास खुब पढ्नुहुन्थ्यो । अध्ययन गर्दा-गर्दा थकाई लागेमा कोठामा यताउता घुमेर उहाँ दिमागी थकानबाट आराम लिनुहुन्थ्यो । समय-समयमा आफ्नो अध्ययन कोठामा उहाँ सोफामा पल्टेर उपन्यास पढ्नुहुन्थ्यो । कहिलेकाहीं एक साथमा दुई-तीनवटा उपन्यास आलोपालो गरेर पढ्ने गर्नुहुन्थ्यो । उहाँलाई खास रूपले १८औं शताब्दीका उपन्यासहरू मन पर्थ्यो । सभेन्टसका **दोन क्वेग्जेट** र बाल्जाकको **मानवीय सुखान्त नाटक** उहाँलाई निकै मन पर्थ्यो, र उक्त दुईजना उपन्यासकारहरूलाई उहाँ सर्वश्रेष्ठ ठान्नुहुन्थ्यो । मार्क्सको दृष्टिमा **दोन क्वेग्जेट** एउटा महाकाव्य हो, जसमा पुँजीवादको विकासको क्रममा मध्ययुगीन (सामन्ती) जमानाका मर्नलागेका नाइटहरूको वीरताको हाँसो उडाइएको छ । त्यस्तै, **मानवीय सुखान्त नाटक**मा बाल्जाक चरित्रहरूको एक सशक्त भविष्यदर्शी सिर्जनकर्ता मात्र नभएर आफ्नो समयको एक महान इतिहासकारको रूपमा पनि देखिएका छन् ।

# सहिदहरूको सम्झनामा



हिरामणि दुःखी

**सहिदहरु आकाशमा अधीर भएर चम्कने ध्रुवतारा हुन् । जसले बाँचेकाहरुलाई जस्तोसुकै कठिन घडीमा पनि दृढ रहने प्रेरणा दिन्छन् । सहिदहरु हाम्रो मुटुभित्र कुदिएका आस्था हुन् । जुन आस्थाले हामीलाई विचलनताका जङ्घारहरुमा पनि सकुशल जङ्घार तर्न साहस दिन्छन् । तसर्थ हामीले सहिदहरुलाई उच्च सम्मान गर्न उनीहरुको सपना पूरा गर्न जस्तासुकै कठिन चुनौतीहरुको पनि सामना गर्न सक्नुपर्छ ।**

उनीहरू मृत्युदेखि कहिल्यै डराएनन्, बरू मृत्युमा जीवन देखे र अमर बन्ने सपना बोकेर रणमैदानमा सगौरव दुश्मनलाई हाँक दिन उत्रिए । उनीहरूले भौतिक जीवन गुमाएर मृत्युमाथि विजय प्राप्त गरे । उनीहरूले आगोसँग खेल्न पनि किञ्चित हिच्किचाएनन् । बमगोला र राइफलका मोहरीबाट छुटेका ताता गोलीहरू थाप्न आफ्नो छाती खुला गरेर शासकहरूलाई लल्कार्दै बहादुरीको परिचय दिए । जीवनको भीख माग्न आदेश गरेका कसाहीहरूलाई मानवताको परिचय दिन ठाडो चुनौती दिँदै हाँसीहाँसी फासीको सजायवरण गर्न शिर उँचो बनाइराखे । उनीहरू चट्टानी पर्खालले घेरिएका दुश्मनका बङ्कर हरूमा मानवबम बनेर विस्फोट हुन तयार भए, तर बाँचेर पनि पलपलमा मृत्युको जीवन गुजार्नुपर्ने कुरूप संसारको अन्त्य गर्ने आफ्नो प्रतिबद्धताबाट डेग चलेनन् । हो, तिनीहरू नै आज महान् सहिद भए । तिनीहरूले मृत्युमाथि विजय प्राप्त गरेर अजरअमर बने । तिनीहरू इतिहासको पानामा स्वर्णाक्षरले आफ्नो नाम लेख्न सफल भए । बाँचेका क्रान्तिकारीहरूका निम्ति आदर्शका अमूल्य निधि बने । सर्वप्रथम उनीहरूलाई हामी लालसलाम व्यक्त गर्दछौँ र श्रद्धाञ्जलीका निम्ति आदरभावका साथ शिर निहुऱ्याउनु आफ्नो कर्तव्य सम्झन्छौँ ।

महान् जनयुद्धको सुरुआतदेखि शान्तिप्रक्रियामा समेत सहिद हुने क्रम रोकिएन । जनयुद्धको तयारीको क्रममा रोल्पा इरिवाङको चप्कामा भएको पुलिसको गोलीकाण्डमा लोकबहादुर र मनबहादुरले उच्च सहादत प्राप्त गरे । जनयुद्धको सुरुआत भएकै महिना फागुन १४ गते गोरखाका बालक दिलबहादुर रम्तेलले जनयुद्धका प्रथम सहिद बनेर इतिहासमा आफ्नो नाम दर्ज गर्न पुगे । सोही दिन जाजरकोटको लहँबाट गिरफ्तार गरेर ल्याइएका मानबहादुर ओली र मानबहादुर रावलको गैरेनी भीरबाट नरसिंहगाड खोलामा खसालेर हत्या गरियो । यो जनयुद्धको दोस्रो सहादतको घटना थियो । त्यसपछि सोही वर्षको चैतमा रोल्पाको हेलेरीमा चोपबहादुर डाँगी र ज्ञानेन्द्र गिरीको हत्या गरियो भने रुकुमको मेलगैरीमा ६ जना खत्रीबन्धुहरूको हत्या गरेर प्रतिक्रियावादी तात्कालीन देउवा सरकारले जनयुद्ध समाप्त पार्ने दिवास्वप्न देख्न थाल्यो । यसरी एकपछि अर्को गर्दै परिवर्तनकामी जनताको कत्लेआम गरेर पूरै देश प्रतिक्रियावादी शासकहरूको वधशालामा परिणत भयो । दिनहुँ दर्जनौँको सङ्ख्यामा मान्छे मारिने क्रम बढ्दै जान थाल्यो । 'दाजुसँग सक्तिनँ, भाउजूसँग बदला लिन्छु' भनेझैँ माओवादी योद्धाहरूको प्रहारबाट रन्थनिएको शासकले सेना र पुलिस लगाएर गाउँका सोझा-सिधा, निर्धा-निमुखा जनतालाई घरघरमा गएर कायरतापूर्वक हत्या गर्दै कथित मुठभेडको फर्जि ढोंग फुक्यो र आत्मतुष्टि लियो । यसरी प्रतिक्रियावादी शासकहरूले दुनियाँको आँखामा छारो हालेर फासिवादी शासन सञ्चालन गरे । अन्ततः जनता नै महान् थिए । जनताको तागतअगाडि शासकका राइफल, बमगोला र मिसाइलहरू पनि झुक्न बाध्य भए । बादशाह घोडाबाट खसालियो । विदेशीहरूको जुठोपुरो खाएर उनीहरूको इशारामा शासन गर्ने दलाल तथा नोकरशाहहरू पनि जनताको साथमा आएर बादशाहका विरुद्ध सङ्घर्षको मोर्चामा सामेल हुन वाध्य भए । यी सबै कुरा तिनै महान् सहिदहरूको उच्च बलिदानीले सम्भव भएको हो ।

तत्कालीन पार्टी नेकपा माओवादीद्वारा सञ्चालन गरिएको वर्गयुद्धका क्रममा पार्टीका नेता, कार्यकर्तादेखि जनतासम्मले उच्च बलिदानी दिएर सहिदको महान् अमरजीवन प्राप्त गरेका छन् । यसरी सहादत हुने क्रम पनि तीन प्रकारको छ : पहिलो, त्यस्ता सहिद भए, जसले भीषणयुद्धका क्रममा दुश्मनका खुनी क्याम्पहरूका प्रत्यक्ष मोर्चामा भिडन्त गर्दागर्दै सहादत प्राप्त गरे । कसैको काँधमा राइफल, कसैले पिठ्यूँमा रसदपानीको भारी बोकेर युद्धमोर्चामा गए । कसैले स्ट्रेचर बनाउने बाँस बोकेका छन् । गैँटी बेल्चा बोकेका छन् कोही । युद्धमोर्चामा आवश्यक पर्ने बन्दुक, बम, बारुदसँगै लडाइँमा बङ्कर, ट्रेञ्च, कभर आदि बनाउन प्रयोग हुने थुप्रै औजारहरू बोकेर हिँडेका सारथीहरू युद्धमोर्चामै लड्दालड्दै बीरगति प्राप्त गरे । यसरी आफैले आफ्नो चिहान खन्दै अलिबेरमा स्वयम् मृत्यवरण गर्नु चानचुने कुरा थिएन । यो अत्यन्तै सम्वेदित कुरा थियो । लडाइँको यो अनिश्चयको यात्रामा कोही कसैलाई थाहा छैन कि आफैले बोकेका गैँटी र बेल्चा नै आफ्नै चिहान खन्न पो अघि सर्ने हुन् कि ? तिनीहरूले उच्च सहादत प्राप्त गरे । साथै, दुश्मनको कब्जामा परिसकेपछि सुन्दै कहालीलाग्दा यातना पचाएर हिटलरका ग्यासच्याम्बरलाई समेत माथ गर्ने यातनागृहहरूमा पनि नझुकेर आफ्नो वर्गमुक्तिका निम्ति हाँसीहाँसी मृत्युवरण गरे । उनीहरूले पनि उच्च सहादत प्राप्त गरे ।



दोस्रो, दुश्मनका ठूलठूला अप्रेसनहरूमा घाँसदाउरा, ग्वाला गएका गोठालाहरूदेखि खेतखलिहानमा काम गर्दै गरेका किसानहरू, पढ्दै र पढाउँदै गरेका शिक्षक-विद्यार्थीहरू, किनमेल गर्न सहरबजार गएका र घर फर्कँदै गरेका गाउँले जनतासम्मलाई भिडन्तका नाममा गोली हानेर हत्या गरियो । उनीहरूले सहादत प्राप्त गरे ।

तेस्रो, जनयुद्धका क्रममा आन्तरिक दुर्घटना, असावधानीवश, स्कुल, गाउँघर, बाटाघाटा र जङ्गलहरूमा सेना, प्रहरी तथा स्वयम् जनमुक्ति सेनाले छोडेका माइन, बम, गोलाबारुदहरूमा परेर पनि धेरैको ज्यान गयो । उनीहरूले जीवनको बलिदान दिए । यसरी उच्च सहादत, सहादत र बलिदानद्वारा सहिद हुने क्रम बढ्दै गयो । यी सबै सहादतहरू नेपाली क्रान्तिले मागेको अनिवार्य बलिदानको कोटा थिए ।

यतिखेर जनयुद्ध लडेर विश्व इतिहासमा नयाँ कीर्तिमान कायम गरेर आएको नेकपा माओवादी एकीकृत नेकपा माओवादी हुँदै माओवादी केन्द्र, क्रान्तिकारी माओवादी, माओवादी र नयाँशक्ति नामको गैर कम्युनिस्ट खेमा गरी चारवटा धारामा विभक्त छन् । एकलबाट एकीकृत बन्दा केही फोहरमैला पनि सोहरेर ल्यायो । केही राम्रा संस्कार संस्कृति बोकेका र क्रान्तिलाई साँच्चिकै आदर्श ठान्ने सहयोद्धाहरूको जमात पनि क्रान्तिको मूलधारमा समाहित भयो । जनयुद्धका भीषण र कहालीलाग्दा आँधी र तुफान पचाएर आएको माओवादी पार्टी शान्तिप्रक्रियामा आएपछि सहरमा थुपारिएको फोहरको डङ्गुरमा हिलाम्य हुन पुग्यो । त्यो क्रम बढेर माओवादी केन्द्रसम्म आइपुग्दा यो धार संसद्वादी कम्युनिष्टमा बदलिन पुग्यो र प्रतिक्रियावादी वर्गसँग लगनगाँठो जोडेर आफैँले निर्माण गरेको उदात्त आदर्शको गला रेट्न पुग्यो । फलस्वरूप आज त्यो धारमा संलग्न माओवादी नेता कार्यकर्ताहरूले सहिदका सपना होइन आफ्ना लागि सरकारी कुर्चीको विपना खोजिरहेछन् । क्रान्तिकारी बाटोमा निरन्तर यात्रा गरेर सहिदहरूको सपना साकार पार्न अधुरै रहेको क्रान्ति पूरा गर्ने वा क्षणिक रूपमै भए पनि प्राप्त भएको सरकारी कुर्चीमा रुमलिने भन्ने कुरामा पार्टीभित्र चुलिएको तीव्र बहसले अन्ततः पार्टी विभाजित हुन पुग्यो । यसरी एउटा धारा माओवादी केन्द्रका नामबाट वर्षौंदेखि संसदीय फोहरको डङ्गुरमा डुबुल्की मारिरहेका संसद्वादी राजनीतिक दौंतरीहरूसँगै वर्गमिलान गरेर सहरको फोहरको आहालमा डुबुल्की मार्न पुग्यो र नवसंसदवादी पार्टीमा रूपान्तरण भयो । अर्को धार क्रान्तिकारी माओवादीका रूपमा सङ्गठित भएर बीचबाटोमा ल्याएर तुहाइएको क्रान्तिको मशाल र हत्या गरिएको सपनालाई ब्युँझाएर पुनः क्रान्तिको यात्रा तय गर्ने प्रक्रियामा अगाडि बढेको छ ।

सहिदहरू क्रान्तिका मार्गदर्शक हुन् । त्यसैले हामी उनीहरूले देखाएको बाटोमा दायाँबायाँ नगरेर हिँड्नु जरुरी छ । उनीहरू समाज रूपान्तरणका आदर्श हुन् । त्यो आदर्श पछ्यार मात्र हामीले समाजलाई पुरातनबाट नूतनमा बदल्न सक्छौँ । सहिदहरू क्रान्तिका सुन्दर विचार हुन् । त्यही विचारले मात्र राष्ट्र निर्माण गर्ने योजना फुर्न सक्छ । सहिदहरू राष्ट्रका सम्पत्ति हुन् । जसलाई जोगाएर राख्यौँ भने भावी सन्ततिहरूले त्यसको मूल्यबोध गर्न सक्छन् । सहिदहरू आकाशमा अधीर भएर चम्कने ध्रुवतारा हुन् । जसले बाँचेकाहरूलाई जस्तोसुकै कठिन घडीमा पनि दृढ रहने प्रेरणा दिन्छन् । सहिदहरू हाम्रो मुटुभित्र कुँदिएका आस्था हुन् । जुन आस्थाले हामीलाई विचलनताका जङ्घारहरूमा पनि सकुशल जङ्घार तर्न साहस दिन्छन् । तसर्थ हामीले सहिदहरूलाई उच्च सम्मान गर्न उनीहरूको सपना पूरा गर्न जस्तासुकै कठिन चुनौतीहरूको पनि सामना गर्न सक्नुपर्छ । परन्तु यतिबेला माओवादी धारकै एउटा ठूलो हिस्साले सहिदहरूलाई आफ्नो नीहित कुर्चिस्वार्थका निम्ति जोगीको कमण्डलु बनाउने र श्राद्धेसंस्कृतिमा सीमित गर्ने काम गरेको छ । त्यसका विरुद्धमा हामी क्रान्तिकारी धारका इमान्दार र सच्चा क्रान्तिकारीहरूले खबरदारी गर्नुपरेको छ । यहाँ एउटा प्रश्न उठ्छ कि सच्चा र इमान्दार क्रान्तिकारी शक्ति को हो ? सबैले आफूलाई अब्बल दर्जाको क्रान्तिकारी नै दावा गर्छन् । यो त व्यवहारले पुष्टि गर्ने कुरा हो । आज पार्टीको एउटा तप्का जो माथि भनिएकै माओवादी केन्द्रका रूपमा सङ्गठित भएको पार्टीका कतिपय नेताहरू नातावाद, कृपावाद, भ्रष्टाचार र तस्करीमा चुर्लुम्म डुबेका छन् । उनीहरूले पनि आफूलाई क्रान्तिका नेतृत्वकर्ता र असल हिमायती ठानिरहेका छन् । उनीहरू मन्त्री, सांसद र सरकारी ओहोदामा पुग्नका लागि नेतृत्वका डेरामा कोशेली बोकेर धाउँछन्, सके श्रीमान्-श्रीमती दुवैलाई मन्त्री चाहिने नभए श्रीमान् वा श्रीमतीले त अनिवार्य पाउनैपर्ने दावी गर्दै पार्टीमा घुर्की, धम्की र बार्गेनिङ गर्छन् र आफ्नो दुनो सोझ्याउने काम गरेका छन् । के उनीहरूले सहिदको सम्मान गर्न सक्छन् ? के उनीहरूले सहिदको आदर्श पछ्याउन सक्छन् ? अहँ ! कदापि सक्तैनन् । हो, तिनैले सहिदहरूलाई जोगीको कमण्डलु बनाएका छन् र गोहीका आँशु झार्दै सहिदका सपना पूरा गर्ने फोस्रा भाषण गर्छन् । यस्ता दोग्ला चरित्रधारीहरूको भण्डाफोर गर्नैपर्छ । यो पनि सहिदहरूलाई सम्मान गर्ने अभियान हुन्छ । हाम्रा नजिकै आएको सहिद सप्ताहका अबसरमा हामीले त्यहि वाचा गरौँ ।

सपना मर्नु र सपनाको हत्या गरिनु भनेको जीवनकै हत्या हुनु र गर्नुजस्तै हो । निरासा, कुण्ठा, अकर्मण्यता र पलायनताले आक्रान्त बनाएको समग्र माओवादी आन्दोलनलाई ऊर्जा भर्न हामीले सहिदलाई सम्झनु जरुरी छ । हिजोका आफ्ना आँखै अगाडि उच्च मृत्यु बरण गर्ने सहिदहरूको त्यो दृश्यप्रति नजर फर्काउनु जरुरी छ । यसले मात्र हामीलाई उर्जा प्रदान गर्छ । सहिद सप्ताहका सन्दर्भमा हामीले एउटा प्रण गरौँ कि हामी बाँचेको जीवनलाई क्रान्तिकै यात्रामा समर्पित गरौँ । *८ फागुन २०७३*

## कविता

### खुम्रे किरा फेरि सल्बलाउन थाले

रामचन्द्र हुमागाईं

नियतको खोट हो कि, लोभिहरूको कम्जोरी
केही वर्ष अगाडि मात्रै बुटले कुल्चिएर
थिलोथिलो पारिएका खुम्रे किराहरू
फेरी सल्वलाउँन थाले ।
७० वर्ष अगाडि, शासकहरूको रछ्यानमा हुर्किएका
बाबु खुम्रेकिरा अहिले कहीकतै दुलो भित्र
मट्याग्रा खोजिरहेका होलान्
तर छोरा नाती खुम्रेकिराहरू
मलिलो माटोमा उँम्रिएका फलफालाहारका बिरुवाहरू
माटोमुनी बसेरै भए पनि उधिन्न लालायित छन् र
खुम्रेकिराहरू फेरी सल्वलाउन थालेका छन् ।
हिजो आवाज बाहिर निस्कन्छ'रे भन्दै
टहरा र छाप्राहरूका खट्प्वाल पनि
थोत्रा थाङनाले बुझेर
खुम्रेकिराहरूका विरुद्धमा आवाज उठाउँनेहरू
आज उनीहरूसँगै काँधमा काँध मिलाएर
स्वतन्त्रताको द्वाङ फुकिरहेका छन्
त्यसैले पनि हुनसक्छ,
खुम्रेकिराहरू फेरी सल्वलाउन थालेका छन् ।
कहाँगए ती डँगुरका डँगुर मकैका थुप्राहरू
कहाँ गए ती राज्यका धानका भकारीहरू
असँख्य ती जवारतहरू
कसको बैठक कक्षमा सजिएका छन् ?
त्यसको खोजि गर्नुको साटो
आफैं त्यसैमा रुमलिने प्रबृत्तीका कारण पनि
खुम्रेकिराहरू निकै सल्वलाउँन थालेका छन् ।
गाउँबाट बटुलेर सहर ल्याइएका
भुसुनाहरूका सामु, आफ्नो नाक फुलाउँदै
भृकुटी मण्डपको त्यो निरिह प्राङ्गणमा
बिसालु सर्पले झैं, फणि उठाएर
चिच्याउँदैछन् र मैमत्त भएका छन् खुम्रेकिराहरू ।
अब के गर्ने त ! यो प्रश्न तेर्सिएको छ भुसुनाहरूका अगाडि
जसले जे गरे पनि कानमा तेल हालेर बस्ने दिन गैसके
आवाज हुनेहरूले आवाज उठाउँने
बन्दुक हुनेहरूले बन्दुक उठाउँने
कलम हुनेहरूले कलम उठाउँने
जोसँग जे छ त्यही उठाउँने र
नयाँ–पुराना सबै खाले खुम्रेकिराहरूका बिरूद्ध जाइलाग्ने ।
होइन भने यी खुम्रेकिराले अन्न बाली मात्रै होइन
माटो पनि खाइसक्छन्
बुत्तिएन भने बिक्री पनि गर्न सक्छन् ।

### कृपया अहिलेलाई

समीर यात्री

मन दुखिरहेको बेला
तन सुकिरहेको बेला
साथी !
प्रेममा अल्झिने कुरा नगर
मायामा बल्झिने कुरा नगर
गरौँला कुनै बेला यी तपसीलका कुरा
कृपया अहिलेलाई यी कुरा नगर ।

सन्तप्त छ देश
अभिशप्त छ परिवेश
मुटु जल्न छोडेको छैन अझै
पीडाले पोल्न छोडेको छैन अझै
शोकमग्न छन् गाउँहरू
र, शोकमग्न छ सहर
सन्त्रस्त छ जीवन
र, सन्त्रस्त छ जीवनको मूल्य पनि
आँखामा सुन्दर सपना साँच्ने बेला
मुठी कसेर वाचा बाँध्ने बेला
साथी !
प्रेममा अल्झिने कुरा नगर
मायामा बल्झिने कुरा नगर
गरौँला कुनै बेला यी तपसीलका कुरा
कृपया अहिलेलाई यी कुरा नगर ।

अपमानित छन् सहिदहरू
तिरस्कृत छन् सपनाहरू
रगत बग्न छोडेको छैन अझै
सिउँदो पुछिन छोडेको छैन अझै
अभिमान बढिरहेछ अपराधीहरूको
विभूषित भइरहेछन् हत्याराहरू
रोइरहेछन् सहिदहरू
र, रोइरहेछ सहादतको मूल्य पनि
आँशु पिएर ज्वाला ओकल्ने बेला
मुटु चिरेर आगो बाल्ने बेला
साथी !
प्रेममा अल्झिने कुरा नगर
मायामा बल्झिने कुरा नगर
गरौँला कुनै बेला यी तपसीलका कुरा
कृपया अहिलेलाई यी कुरा नगर ।

अपुरै छ यात्रा
अधुरै छने सपनाहरू
हाम्रो जीत त बाँकी नै छ अझै
हाम्रो गीत त बाँकी नै अझै
मानव जातिले धर्ती जितेको विहान
सूर्योदयको रक्तिम आभासँगै
रमाउनेछन् कोटीकोटी मनहरू
र, रमाउने छन् तनहरू पनि
जिन्दगीको खुसी फूल्ने बेला
जिन्दगीको बैंस झुल्ने बेला
साथी !
गरौँला, अघाउन्जेल गरौँला
मायाले लछप्पै भिजाउने कुरा
प्रेमले जिन्दगी सजाउने कुरा
गरौँला, धित मरुञ्जेल गरौँला
औंठी साटेर बाचा बाँध्ने कुरा
रुमालसँग सम्झना साट्ने कुरा ।

जम्काभेट

# जिम्मेवारीले अझ बढी जिम्मेवार बनाएको छ


आलोक श्रेष्ठ
सह-कोषाध्यक्ष- नेवाः राष्ट्रिय मुक्ति मोर्चा

**● नेवाः मोर्चाको सह-कोषाध्यक्षमा निर्वाचित हुनु भएको छ । कस्तो अनुभूति गर्नुभयो ?**

मोर्चाको जिम्मेवार ठाउँमा निर्वाचित हुँदा खुसी लाग्ने कुरा त छँदैछ, तर राष्ट्रिय भेलाले दिएको म्याण्डेटलाई जिम्मेवार ढङ्गले पुरा गर्न सक्छु कि सक्दिनँ भन्नेमा डर पनि लागेका छ । जिम्मेवारीले अझ बढी जिम्मेवार बनाएको छ ।

**● तपाई जस्तै युवाहरू धेरै व्यक्तिगत स्वार्थका पछाडि दौडिरहेको बेला तपाई भने पार्टी र क्रान्तिमा उत्साहित भएर लाग्नुको कारण के हो ?**

म जस्तै युवा व्यक्तिगत स्वार्थको पछाडि लाग्नु त्यति अनौठो कुरा होइन, युवा आफैमा केहि गर्नुपर्छ भन्ने शक्ति हो तर सबै युवामा राजनैतिक चेतना हुँदैन र व्यक्तिगत स्वार्थको पछाडि कुदीरहेका छन् तर हामी एउटा क्रान्तिबाट आएका युवा र राष्ट्रिय स्वार्थ पुरा भएमात्र व्यक्तिगत स्वार्थ पुरा हुन्छ भन्नेमा म विश्वास गर्छु र त्यो क्रान्तिबाट मात्र सफल हुन्छ भनेर क्रान्तिमा लागेको हो ।

**● अन्य पार्टीमा रहेका युवा र विदेश पलायन भइरहेका युवाहरूलाई एकजना राजनीतिकर्मी भएको हैसियतमा के भन्न चाहनुहुन्छ ?**

युवाहरू विदेश पलायन हुनु दुःखदायी कुरो हो र अन्य पार्टी पनि त युवाहरूलाई यहाँ नै रोजगारको वातावरण मिलाउनु पर्छ भन्नेमा छैन । बरु युवाहरू विदेश गए रेमिटेन्स भित्रिन्छ भन्ने दलाली मानसिकता बोकेका छन् । त्यसकारण युवाहरू पलायन भइरहेका छन् तर म एउटा युवाको हैसियतमा युवा भनेको राष्ट्र निर्माणको प्रमुख शक्ति हो । त्यसकारण युवाहरू विदेश होइन, स्वदेशमा नै केही गर्नुपर्छ र स्वदेशमा रोजगारको अवस्था सिर्जना गर्न राज्यलाई दबाब दिन राज्यसँग आन्दोलन गर्नुपर्छ र त्यसपछि मात्र यहाँ रोजगारीको वातावरण सिर्जना हुन्छ र राज्यआफैले युवाहरूलाई अधिकार दिन चाहँदैन । त्यस कारण आफ्नो अधिकार मागेर होइन, खोसेर लिनु पर्दछ भन्न चाहन्छु ।

## वस्तुगत...

त्यसको परिणामस्वरूप साम्राज्यवादी देशहरू विपरीत ध्रुवमा विभाजित भएर विश्वयुद्धको खतरा उत्पन्न हुन सक्ने सम्भावनाका बारेमा केन्द्रित रहेको थियो ।

सन् १९०७ मा जर्मनको स्टुटगार्ड शहरमा सम्पन्न भएको दोस्रो कम्युनिष्ट अन्तर्राष्ट्रियको महाधिवेशनमा लेनिन, रोजा लक्जेम्वर्ग र मार्तोभले सम्भावित विश्वयुद्धका सम्बन्धमा प्रस्तुत भएको प्रस्तावमाथि यसप्रकार संयुक्त संशोधन प्रस्ताव राखेका थिए : "पछि युद्ध भड्कियो भने त्यतिखेर समाजवादी पार्टीहरूको कर्तव्य भनेको त्यसको शिघ्र अन्त्यको लागि हस्तक्षेप गर्नु हुनेछ र सम्पूर्ण शक्ति लगाएर युद्धले निम्त्याएको ध्वंशात्मक आर्थिक एवं राजनीतिक संकटलाई उपयोग गरेर जनतालाई जागृत गराउनु र त्यसपछि पुँजीवादीवर्गको शासनलाई उन्मुलन गर्न तीव्रता दिनु हुनेछ ।" स्टुटगार्ड अधिवेशनले यो प्रस्तावलाई सर्वसम्मतले पारित गरेको थियो ।

जब सन् १९१४ को अगस्ट ४ तारिखमा युद्ध भड्कियो, तब स्टुटगार्ड अधिवेशनमा सहभागि भएका बहुमत पार्टीहरूले साम्राज्यवादी युद्धका विरुद्धमा संघर्ष गर्ने दोस्रो कम्युनिष्ट अन्तर्राष्ट्रियको नीति र निर्णयलाई कार्यान्वयन गरेनन् । त्यसबेला संसारकै ठुलो र शक्तिशाली रहेको जर्मनको सामाजिक जनवादी पार्टीले त त्यस प्रकारको कुनै पनि नीति र निर्णयप्रति नबाँधिने मत महाधिवेशनको दौरानमा पहिल्यै राखेको थियो । तर लेनिनको नेतृत्वमा रहेको बोल्शेभिक पार्टीले साम्राज्यवादी युद्धको विरोध गर्दै घरेलु प्रतिकृयावादी सत्ताका विरुद्ध संघर्ष अगाडी बढाएर कम्युनिष्ट अन्तर ष्ट्रियको नीति र निर्णयलाई व्यवहारमा कार्यान्वयन गरेको थियो र त्यो संघर्षलाई महान् अक्टोबर समाजवादी क्रान्तिको सफलतासम्म पुऱ्याएको थियो ।

तत्कालिन अन्तर्राष्ट्रिय परिस्थितिका साथ साथै रुसको आन्तरिक परिस्थिति पनि क्रान्तिकारी शक्ति र आन्दोलनका लागि परिपक्व हुँदै गएको थियो । जारशाहीलाई सत्ताच्यूत गरेर त्यसपछि सामाजिक क्रान्तिकारी पार्टीको नेता अलेक्जेम्बर केरेन्स्कीको नेतृत्वका स्थापना भएको अन्तरिम बुर्जुवा सरकार अत्यन्तै कमजोर र असंगठित थियो भने अर्कातिर त्यो सरकार राज्य संचालनका दृष्टिकोणले अनुभवहिन मात्र थिएन कि त्यसको काम गर्ने तौरतरिका र कार्यशैली जारशाहीको भन्दा भिन्न र फरक थिएन । साम्राज्यवादी शक्ति र देशहरू एकातिर स्वयम् युद्धमा संलग्न थिए र फसेका थिए भने अर्कातिर उनीहरूका बीचमा व्यापक विभाजन हुनुका साथै अन्तरविरोध विकास भएको थियो । त्यसरी उनीहरू सशस्त्र विद्रोहमार्फत् रुसको केन्द्रीय सत्ता कब्जा गर्दै समाजवादी क्रान्ति सफल बनाउनका लागि बिजयमुख हुँदै गइहेका बोल्शेभिक क्रान्तिकारीहरूका विरुद्ध आक्रमण र हस्तक्षेप गर्न नसक्ने अवस्थामा थिए । त्यसैगरि रुसको राज्यसत्ता स्वयम् साम्राज्यवादी युद्धमा संलग्न भएको थियो ।

महान अक्टोबर समाजवादी क्रान्तिलाई सफलतामा पुऱ्याउनका लागि तत्कालिन रुसको उपरोक्त राष्ट्रिय परिस्थिति र अन्तर्राष्ट्रिय परिस्थितिको वस्तुगत अवस्थाका अतिरिक्त बोल्शेभिक पार्टीको आत्मगत अवस्था पनि निकै खारिएको अवस्थामा थियो । लेनिनको नेतृत्वमा रहेको बोल्शेभिक पार्टी त्यहाँको क्रान्तिकारी सर्वहारा मजदुर वर्गको अग्रदस्ताका रूपमा रहेको थियो र त्यसभन्दा अगाडि सन् १९०५ र १९१७ को फेब्रुअरी क्रान्तिको नेतृत्व समेत गरेर दुईवटा क्रान्तिबाट खारिएको र परिस्कृत भैसकेको थियो । त्यसैगरि बोल्शेभिक पार्टीले ठुलो संख्यामा रहेका रुसका किसानवर्गलाई सर्वहारा मजदुर वर्गको मित्रशक्तिका रूपमा लिएर उनीहरूसंग प्रभावकारी एकता कायम गर्न सफल भएको थियो । त्यसैगरि बोल्शेभिक पार्टीले किसानवर्गका प्रमुख शत्रुका रूपमा रहेका त्यहाँका सामन्ती र जमिन्दार वर्गका विरुद्ध लडेर उनीहरूका हकहितका पक्षमा काम गर्न सक्दछन् भन्ने कुरामा पनि विश्वस्त पारेको थियो । त्यसबाट क्रान्तिका शत्रु पक्ष र मित्रपक्षका बीचमा स्पष्ट सीमा रेखा कोरिएको अवस्था थियो ।

यस अवस्थामा रुसको जनप्रतिधिमूलक संस्था सोभियतको पनि निर्वाचन सम्पन्न भएको थियो । ती निर्वाचनहरूमध्ये तत्कालिन रुसका दुई ठुला राजधानी शहरहरू मस्को र पेत्रोग्रादका सोभियतहरूमा बोल्शेभिक पार्टीका पक्षधर मजदुर र सेनाका प्रतिनिधिहरूले बहुमत हाँसिल गरेर विजय भएका थिए । त्यसबाट लेनिन र बोल्शेभिकहरू आफ्नो हातमा केन्द्रीय सत्ता लिन सक्छन् भन्ने कुरोको निर्क्यौलमा पुगेका थिए । ती दुई मुख्य शहरहरूका सोभियतमा प्राप्त भएको विजयको उत्साहलाई आम न्यायप्रेमी जनसमुदायहरूसंग जोडेर प्रतिकृयावादी र क्रान्तिविरोधी तत्वहरूलाई धराशायी र परास्त गर्न पर्याप्त शक्ति पुग्दछ भन्नेमा पनि उनीहरूलाई पूर्ण आत्मविश्वास थियो ।

महान लेनिनको नेतृत्वमा रहेको बोल्शेभिक पार्टी कार्लमार्क्सका विचारहरूप्रति प्रतिवद्ध रहेको क्रान्तिकारी पार्टी थियो । त्यसैले उनीहरूले क्रान्तिलाई कसरी सफल बनाएर विजय हासिल गर्ने भन्ने स्पष्ट नीति र कार्यक्रम तय गरेका थिए, जसमा लेनिनको प्रत्यक्ष नेतृत्व र निर्देशन रहेको थियो । त्यस योजनाअनुसार सर्वप्रथम पेत्रोग्रादको सोभियतमा कब्जा जमाउने अनि सोभियतकै नाममा सत्ता कब्जा गर्ने र त्यसपछि अन्य शहरहरमा पनि त्यो प्रकृयालाई अगाडि बढाउने कार्ययोजना रहेको थियो ।

त्यसै सन्दर्भमा लेनिनले आफ्नो प्रशिद्ध रचना 'अप्रिल थेसिस' लेखेका थिए, जसमा उनले 'सम्पूर्ण सत्ता सोभियतलाई' भन्ने नारा मात्र दिएनन्, आम जनसमुदायहरूको सरोकारको विषयलाई समेत अगाडि ल्याए । ती विषयहरूमा 'शान्ति, जमिन र खाना' गरि तीनवटा विषयहरू समावेश थिए ।

लेनिनलाई रुसी जनताले युद्धको अन्त्य चाहन्छन् भन्ने थाहा थियो । त्यसकारण उनले बोल्सेभिक पार्टीले जर्मनहरूसँग शान्तिसम्झौता गर्ने कुराको घोषणा गरे । बोल्सेभिकहरूको समर्थनमा मुख्यतः शहरहरूमा बस्ने सर्वहारा मजदुर वर्ग रहेका थिए । ठूलो बहुमतमा रहेका किसानवर्गहरूमध्ये निकै कम मात्र बोल्सेभिक पार्टीको समर्थनमा रहेका थिए । त्यसकारण किसानहरूलाई जमिनदिने प्रतिबद्धता दिएपछि सत्ता कब्जा गर्ने दौरानमा बहुमत जनसंख्यामा रहेका किसानवर्ग तटस्थ रहेका थिए । त्यतिखेर रुसमा विभिन्न शहर र बजारहरूमा खाद्यअभाव रहेको थियो । त्यो कुरालाई मध्यनजर राख्दै लेनिनले बोल्सेभिक पार्टीले सत्ता कब्जा गरेपछि उक्त खाद्य अभावको समस्या समाधान गर्ने प्रतिबद्धता जाहेर गरेका थिए ।

लेनिनले हंगेरीका कम्युनिष्ट नेता बेला कुनको आलोचना गर्दै भनेको छन् 'मार्क्सवादको सबैभन्दा महत्वपूर्ण र एकदमै सार कुरा- जीवित-आत्मा भनेको नै ठोस परिस्थितिको ठोस विश्लेषण हो । त्यो कुरालाई उनले त्यतिखेरको अवस्थाको मूल्याकंन गरेर प्रमाणित गरेका थिए । त्यसैगरि लेनिनले काउत्स्कीको आलोचना गर्दै भनेका छन् : 'काउत्स्कीका वामपन्थी विपक्षीहरूले क्रान्ति 'बनाउन' सकिन्न भन्ने कुरो एकदमै राम्रोसंग जान्दछन्, क्रान्तिहरू वस्तुगत रूपले नै (अर्थात् पार्टीहरू र वर्गहरूको चाहनाभन्दा स्वतन्त्र रूपले) इतिहासमा आउने परिपक्व संकटहरू र मोडहरूमार्फत् विकास हुन्छन्, संगठनविना जनसमुदायहरूले एकताभाव गुमाउँछन् र केन्द्रीकृत राज्यको शक्तिशाली आतंककारी सैन्य संगठन विरुद्धको संघर्ष कठिन र लामो कार्य हो । त्यो कुरालाई पार्न लेनिन र बोल्शेभिक पार्टीले व्यवहातः पुष्टि गरेर देखाएको थियो ।

अहिले महान अक्टोबर समाजवादी क्रान्तिको शतवार्षिकी विश्वव्यापी रूपमा संसारभरका सच्चा मार्क्सवादी-लेनिनवादी क्रान्तिकारीहरूले विविध कार्यक्रम गर्दै मनाइरहेका छन् । यस सन्दर्भमा हामीले उपरोक्त ऐतिहासिक घटना र तीनका विवेचनाबाट हाम्रो देशको वर्तमान राष्ट्रिय तथा अन्तर ष्ट्रिय परिस्थितिको वस्तुगत अवस्थाको सही ढंगले मूल्यांकन गर्दै पार्टी र संगठनको आत्मगत अवस्थालाई सुदृढ पार्दै क्रान्तिकारी आन्दोलनलाई कसरी अगाडि बढाउने र नेतृत्व प्रदान गर्ने भन्ने कुरा सिक्न, बुझ्न र कार्यान्वयन गर्न आवश्यक छ ।

## अक्टोबर...

२० जना वक्ताहरूले अक्टोबर समाजवादी क्रान्तिको सान्दर्भिकताका विषयमा महत्वपूर्ण विचारहरू राखेका थिए । पार्टीका राज्य इन्चार्ज तथा केन्द्रीय सचिवालय सदस्य श्रीनाथ अधिकारी'श्याम'ले अध्यक्षता गरेको अन्तर्क्रिया कार्यक्रमको संचालन पार्टीका केन्द्रीय सदस्य रामजी थापाले गरेका थिए भने स्वागत केन्द्रीय सदस्य नारायण अधिकारी'निश्चल'ले गरेका थिए ।

त्यसैगरी, हामीलाई बुटबलबाट प्राप्त समाचार अनुसार अवध राज्यका संयोजक तथा पार्टीका केन्द्रीय सचिवालय सदस्य प्रेम सुवेदीको प्रमुख आतिथ्यतामा कपिलवस्तु जिल्लामा पनि अक्टोबर क्रान्तिको सतवार्षिकीको अवसर पारेर अन्तर्क्रिया कार्यक्रमको आयोजना गरिएको छ । कपिलवस्तुका जिल्ला संयोजक समिरको अध्यक्षतामा भएको कार्यक्रममा माओवादी केन्द्रका भानुप्रकाश श्रेष्ठ, मसालका छविलाल गैरे र राष्ट्रिय जनमोर्चाका हेमलाल वाग्लेको समेत उपस्थिति रहेको थियो । त्यसैगरी, नवलपरासीको बर्दघाटमा पनि जिल्ला पार्टी इन्चार्ज तथा केन्द्रीय सदस्य अनुकूलको प्रमुख आतिथ्यतामा अन्तर्क्रिया, छलफल तथा बहसको आयोजना गरिएको छ । जिल्लाका पार्टी सेक्रेटरी क्षेत्रबहादुर थापाको अध्यक्षतामा भएको कार्यक्रमको संचालन देजमो नवलपरासीका जिल्ला उपाध्यक्ष चुडामणि भण्डारीले गरेका थिए ।

यता मिथिला राज्यको सप्तरीबाट प्राप्त जानकारी अनुसार पार्टीका केन्द्रीय सचिवालय सदस्य तथा मिथिला राज्यका इन्चार्ज कृष्णदेव सिंह दनुवारको प्रमुख आतिथ्यतामा सप्तरीको मल्हन्वामा एक कार्यक्रमको आयोजना गरी अक्टोबर क्रान्तिको सतवार्षिकी मनाइएको छ । पार्टीका सप्तरी संयोजक अछमीत चौधरीको अध्यक्षतामा भएको उक्त कार्यक्रमको संचालन देजमोका सप्तरी संयोजक सूर्यनारायण चौधरीले गरेका थिए ।

त्यसैगरी, नेपालगंजबाट प्राप्त समाचार अनुसार थारुवान राज्यको बाँके जिल्लामा स्थानीय किसानहरूको उल्लेख्य उपस्थितिमा एक कार्यक्रमको आयोजना गरी अक्टोबर क्रान्तिको शतवार्षिकी मनाइएको छ । जिल्लाका पार्टी इन्चार्ज भूपेन्द्र न्यौपानेको अध्यक्षतामा भएको कार्यक्रमको प्रमुख आतिथ्यता पार्टीका केन्द्रीय सचिवालय सदस्य तथा थारुवान इन्चार्ज हर्कबहादुर शाहीले गरेका थिए । उक्त कार्यक्रमको संचालन उपेन्द्र शाहीले गरेका थिए ।

त्यसैगरी वीरगंजबाट प्राप्त समाचार अनुसार पार्टीका केन्द्रीय सदस्य तथा भोजपुरा राज्यका संयोजक रामआश्रय रामको प्रमुख आतिथ्यतामा भएको कार्यक्रमको अध्यक्षता बाराका जिल्ला सेक्रेटरी दिनकर न्यौपानेले अध्यक्षता गरेको कार्यक्रमको संचालन पर्साका सहसेक्रेटरी अमरेन्द्र आनन्दले गरेका थिए ।

त्यसैगरी, कोचिला, लिम्बुवान, मिथिला, भेक, सेम, मगरात, ताम्सालिङ र किरातका जिल्लाहरूले पनि विभिन्न कार्यक्रम गरी अक्टोबर क्रान्तिको शतवार्षिकी मनाएका छन् ।

अक्टोबर समाजवादी क्रान्तिको सतवार्षिकी र जनयुद्ध दिवस मनाउनुको अर्थलाई प्रष्ट्याउँदै एउटा लेखमा क्रान्तिकारी माओवादीका अध्यक्ष मोहन वैद्य किरणले लेखेका छन्, "क्रान्ति हार जितका अनेकौं श्रृङ्खला र आरोह तथा अवरोहका घुम्तीहरू पार गर्दै अन्तिम विजयको दिशामा अगाडि बढ्ने गर्दछ । ....इतिहासबाट शिक्षा लिँदै वर्तमानमा सचेत एवम् क्रियाशील हुँदै र क्रान्तिको उज्ज्वल तथा जनताको इच्छित भविष्यप्रति आशावादी बन्दै गतिशील रूपमा दृढतापूर्वक अगाडि बढौं, विश्व र नेपालमा पनि क्रान्ति आवश्यक र संभव दुवै छ । योवेला ऐतिहासिक अक्टोबर समाजवादीक्रान्तिको शतवार्षिकी र महान् जनयुद्ध दिवस मनाउनुको वास्तविक अर्थ र औचित्य यही नै हो ।"

## पोखरामा...

आन्दोलनका भक्त रसाइली, सन्तबहादुर घिसिङ, ढाकाराम पौडेल, मानबहादुर घर्ती लगायतले महत्वपूर्ण भनाइ राखेका थिए ।

नेकपा (क्रान्तिकारी माओवादी)का केन्द्रीय सचिवालय सदस्य तथा तमुवान राज्य इन्चार्ज श्रीनाथ अधिकारीको प्रमुख आतिथ्यतामा सम्पन्न अन्तर्क्रियामा वक्ताहरूले अक्टोबर समाजवादी क्रान्तिको स्पिरिटबाट नेपालका कम्युनिष्टहरू धेरै पर पुगेको भन्दै क्रान्तिकारी माओवादीलाई त्यो स्पिरिट पकडेर अगाडि बढ्न महत्वपूर्ण सुझाव दिएका थिए ।

## माकेका...

बाटो खोज्न बाध्य भयौं ।' उनीहरूले निकालेको विज्ञप्तीमा भनेका छन्, 'सहिदहरूका अधुरा सपना पूरा गर्न र श्रमजीवि मजदुर वर्गको हकअधिकारका निम्ति इमान्दार ढंगले संघर्षरत नेकपा (क्रान्तिकारी माओवादी) र सम्बद्ध अखिल नेपाल क्रान्तिकारी ट्रेड युनियन महासंघ हामीले सही विकल्प पायौं ।'

## वर्गीय...

आवश्यकताको आधारमा आत्मनिर्णयको अधिकारसहितको संघीयताको पक्षमा जातीय मुक्ति आन्दोलनलाई अगाडि बढाउनुपर्ने धारणा व्यक्त गरे ।

तत्कालीन जनयुद्ध लडेको पार्टीको नेतृत्वमा देखापरेको अवसरवादले वर्गीय र राष्ट्रिय रूपमा आत्मसमर्पण गरेपछि त्यसबाट सम्बन्ध-विच्छेद गरेर ती मुद्दाहरूलाई इमान्दारपूर्वक लिएर अगाडि बढिरहेको चर्चा गर्दै अध्यक्ष वैद्यले सामन्तवादी तथा ब्रम्हाणवादी र विस्तारवादी तथा साम्राज्यवादीहरूले जातीय मुक्ति आन्दोलनमा अतिवादको बिजारोपण गरिरहेकोले त्यसका विरुद्ध जुधेर उत्पीडित जातिहरूको पहिचानमा आधारित संघीयताको मुद्दालाई निर्णायक रूपमा अगाडि बढाउने मोर्चाको राष्ट्रिय भेलाले नीति र नेतृत्व चयन गरोस् भन्दै शुभकामना दिए ।

दुई दिनसम्म चल्ने राष्ट्रिय भेलाको उद्घाटन सत्रमा पार्टीका कार्यालय सदस्य रामसिंह श्रीस, पार्टीका सचिवालय सदस्य तथा नेवा राज्य संयोजक दिनेश शर्मा 'सागर', विभिन्न जवस-मोर्चाका नेताहरूले मोर्चाको भेला सफलताको शुभकामना मन्तव्य व्यक्त गरेका थिए । कार्यक्रमको संचालन मोर्चाका महासचिव सुरेश श्रेष्ठले गरेका थिए ।

## नेवाः...

मोर्चाले ५१ सदस्यीय केन्द्रीय समितिको निर्माण गरेको छ ।

भेला लगत्तै बसेको बैठकले असोजमा राष्ट्रिय सम्मेलन गर्ने निर्णय गर्दै सम्मेलनलाई लक्षित गरी पहिलो चरणमा संगठन विस्तार र संघर्षका कार्यक्रमलाई प्रभावकारी रूपमा अगाडि बढाउने निर्णय गरेको छ ।

## नेवाः मोर्चाको ललितपुर संयोजकमा जगदीश्वर महर्जन

**विष्णु विकिरण** / ललितपुर । ललितपुरको कुपण्डोलमा नेवाः राष्ट्रिय मुक्ति मोर्चाको एक भेलाले मोर्चाको ललितपुर संयोजकमा जगदीश्वर महर्जनलाई निर्वाचित गरेको छ । महर्जनको संयोजकत्वमा १५ सदस्सीय बनाइएको जिल्ला कमिटिका सदस्यहरूमा क्रमशः मुकेश श्रेष्ठ, रामचन्द्र महर्जन, बिना महर्जन, गोविन्द महर्जन, सूर्य माली, रिना महर्जन, अमित महर्जन, बालगोपाल हाडा, राम महर्जन, कृष्णभक्त महर्जन, राजकुमार देवला लगायत रहेका छन् ।

नेकपा (क्रान्तिकारी माओवादी)का सचिवालय सदस्य तथा नेवाः मुक्ति मोर्चाका केन्द्रीय अध्यक्ष पवनमान श्रेष्ठको प्रमुख आतिथ्यतामा कुपन्डोलमा बुधबार दिउँसो भएको सो कार्यक्रममा के.स. शिवराम यादव,ललितपुर जिल्ला सह(इन्चार्ज गोविन्द पौडेल तथा जिल्ला संयोजक श्याम केसीको उपस्थिति थियो । भेलाको अध्यक्षता गोर्की श्रेष्ठ तथा कार्यक्रम संचालन मुकेश श्रेष्ठले गरेका थिए ।

## बाग्लुङको अमर भूमिमा मजदुरको गाउँ भेला सम्पन्न

बाग्लुङ । बाग्लुङ अमर भूमिमा अखिल नेपाल क्रान्तिकारी ट्रेड यूनियन महासंघको गाउँ कमिटि भेला सम्पन्न भएको छ । भेलाले भक्तबहादुर गुरुङ अध्यक्ष रहेको १५ सदस्यीय गाउँ कमिटि निर्माण गरेको छ । उक्त कमिटिको उपाध्यक्षमा नरेन्द्र छन्त्याल, सचिवमा थमन गुरुङ र कोषाध्यक्षमा खगेन्द्र गुरुङ रहेका छन् भने सदस्यहरूमा क्रमश : छविलाल गुरुङ, रामबहादुर विक, नन्दकुमार छन्त्याल, यामबहादुर गुरुङ, गंगबहादुर विक, नरबहादुर विक, लालबहादुर गुरुङ, कुलबहादुर विक, देनबहादुर छन्त्याल रहेका छन् ।

आरामदायी र भरपर्दो यात्राका लागि हामीलाई सम्झनुहोस् ।

**मितेरी यातायात एण्ड अटो प्रा.लि.**

प्रधान कार्यालय : कलंकी, काठमाडौं
फोन नं. : ०१-४२७०७०४, ४२७६३८१
तेह्रथुम सम्पर्क : डिल्लराम रेमी (९८५२०६०२५४)
फोन नं. : ०२६-४६०२५४
कृपया, टिकट र रिजर्भका लागि हामीलाई सम्झनुहोस् ।

**स्वर्गद्वारी सार्वजनिक यातायात व्यवसायी समितिद्वारा सञ्चालित A/C हाइस सेवा**

| | |
|---|---|
| काठमाडौं-खलंगा | बिहान ६:०० बजे |
| काठमाडौं- भिंगु किमीचौर | बिहान ६:३० बजे |
| भिंगु किमीचौर-काठमाडौं | बिहान ६:३० बजे |
| खलंगा-काठमाडौं | बिहान ५:०० बजे |
| खलंगा-नेपालगञ्ज | बिहान ८:३० बजे |
| नेपालगञ्ज-खलंगा | बिहान ९:०० बजे |

सम्पर्क नम्बर
काठमाडौं - ९८६६८३३३९९
खलंगा - ९८५१२४९९४८
किमीचौर - ९८५१२४९९४८

आरामदायी र भरपर्दो यात्राको लागि हामीलाई सम्झनुहोस् ।

**धौलागिरी अञ्चल बस व्यवसायी सञ्चालक समिति**

सम्पर्क
कृष्ण सुवेदी - ९८५१०१८९१२
राम के.सी. - ९८५१०५४२६४
होम छन्त्याल - ९८४१९०६५७२
गोपाल थापा : ९८४१८११२२४

माइक्रो काउन्टर

| काठमाडौं फोन | बाग्लुङ |
|---|---|
| ०१४३८८३९३ | ०६८५२२२२० |

काठमाडौंबाट : पोखरा, बाग्लुङ, बेनी, बुर्तिबाङ, दरबाङ, मुक्तिनाथ
बाग्लुङबाट : पोखरा, काठमाडौं बुर्तिवाङ, दरबाङ, बेनी, मुक्तिनाथ

A/C, Tourist Bus, Delux Bus, A/C Micro SCORPIO, Zeep, TATA SUMO सेवा

## आलोपालो

# क्रान्तिकारी विद्यार्थीहरूको नाममा

◆ उज्ज्वल

स्ववियू निर्वाचन नजिकिएको छ । विध्यार्थी नेताहरूको चहलपहल बढेको छ । विभिन्न दलहरूमा विभाजित विध्यार्थी नेताहरू दलको बफादार सिपाही बनेर चुनावी मैदानमा उत्रने कोशिसमा छन् । आ-आफ्नो पल्लाभारी बनाउन साम, दाम, दण्ड, भेद, सन्धि र भंगको ६ वटा प्रचण्ड-मन्त्र(षड्यन्त्र)को प्रयोगमा लागेका छन् ।

संसदीय राजनीतिमा 'खसीको टाउको देखाएर कुकुरको मासु बेच्नु'लाई नै सफलता मानिन्छ । पिठोलाई जसले चामलसँग साट्न सक्छ उसैलाई योग्य र सक्षम भनिन्छ । कल, बल, छल जे गरेर हुन्छ, सत्ता हत्याऊ । विध्यार्थीहरूको सत्ता स्ववियू हो । स्ववियू कब्जा गर्न दलीय विध्यार्थी संगठनहरूबीच होड चल्नु अनौठो होइन । उनीहरूको लागि स्वविय़ूबाहेक अरु सबै चिज भ्रम हो ।

आजका विध्यार्थी नेताहरूको दिमागमा पनि यही सत्य बनेर स्थापित छ । र, लाखौंदेखि करोडौंसम्म चुनावमा खर्च गरेर चुनाव जित्ने मदहोशमा दौडिरहेका छन् । भोटर विध्यार्थीहरूमा उनीहरू धेरै कुरामा 'फ्रि अफर' बाँड्न व्यस्त छन् । चुरोट र रक्सी त सामान्य भो, उनीहरू धेरै कुराको फ्रि अफरमा लागेका छन् । पैसा यसरी खर्चेको देखिन्छ, मानिलिउँ उनीहरूको आफ्नै बैंक छन्, जति चाह्यो त्यति खर्च गर्न सक्छन् ।

अच्चम छ ! यत्रो लगानी कसले गर्छ, गरिराखेको छ ? गुदी कुरा- शैक्षिक माफियाहरूले, शैक्षिक व्यापारीहरूले । पछिल्लो दशकमा किन विध्यार्थी आन्दोलन उठ्न सकेन भनेर केलाउँदा- प्रायः सबै दलीय संगठनका नेताहरू आ-आफ्नो गच्छेअनुसार शैक्षिक माफिया र व्यापारीहरूको खल्तीमा पसेको पाइयो । शैक्षिक माफिया र व्यापारीहरूलाई ब्रम्हलुट मच्चाउन छुटै छुट ।

विडम्बना लाग्छ ! कुनै बेला शैक्षिक माफियाकरण, व्यापारिकरण र निजीकरणका विरुद्ध वैधानिक अवैधानिक संघर्षका बीचबाट 'सडक बाघ'को गर्जन गर्ने र शैक्षिक माफिया र व्यापारीहरूलाई मात्र होइन, राज्यव्यवस्थालाई नै उल्ट्याइदिने तागतका साथ स्थापित संगठन र नेताहरू हेर्दाहेर्दै फिक्का भएर विलाए । उनीहरू पनि अन्ततः तिनै शैक्षिक माफिया र व्यापारीहरूको दलाली र चाकडीमा निजी दुनो सोझ्याउन लागे । भारतीय दूताबासबाट तलव थाप्ने नेता, कर्मचारी, पत्रकार, बुद्धिजीवि, मानवअधिकारकर्मीहरूलाई विभिन्न वर्गका कुत्ताको रूपमा उसले वर्गीकरण गर्ने गरेजस्तै शैक्षिक माफिया र व्यापारीहरूले पनि 'पाल्तु कुत्ता'को रूपमा विध्यार्थी नेताहरूलाई लिने गरेको देखिन्छ ।

बहुराष्ट्रिय कम्पनीहरूले यहाँको पाठ्यक्रम निर्धारण गर्ने गरेको छ । उसैले निर्धारण गरेका पाठ्यक्रमहरू विध्यालयस्तरदेखि विश्वविध्यालयसम्म पढाइ भइरहेको छ । उनीहरूलाई चाहिने सस्तो श्रम उत्पादन गर्ने फ्याक्ट्रीजस्ता भएका छन् यहाँका विश्वविध्यालयहरू । कच्चा पदार्थ नेपालकै लैजाने, सस्तो श्रम पनि नेपालकै लैजाने । नेपाल र नेपालीको उन्नती र प्रगति, विकास, निर्माणको लागि चाहिने जनशक्ति अहिलेको विश्वविध्यालयले उत्पादन गर्न सकेको छैन । शिक्षा अनुत्पादक छ, अबैज्ञानिक र अव्यवहारिक छ । मान्छे उत्पादन(शैक्षिक जनशक्ति निर्माण) गर्ने शिक्षालयमा भ्रष्ट र अनैतिक व्यक्तिहरूको बोलवाला छ । शिक्षा यति महंगो बनेको छ कि सर्वसाधारण नागरिकका छोराछोरीहरूले त्यहाँ पहुँच राख्नै सक्दैनन् । यसको अर्थ शिक्षामा आम गरिखाने नागरिकका छोराछोरीका लागि ढोका बन्द गरिएको छ । नेपालमा विद्यमान शैक्षिक अभ्यासले समाजमा दुईवटा वर्ग जन्माइरहेको छ र बीचमा अन्तरविरोध पनि चर्काइरहेको छ । तर आवाज उठाउने कसले ? क्रान्तिकारी विध्यार्थीहरूले हो ।

अहिले 'क्रान्तिकारी' नामका तीनवटा विध्यार्थी संगठन अस्तित्वमा देखिन्छन् । तर कामका कुनै पनि क्रान्तिकारी बन्न सकेका छैनन् । माओवादी केन्द्र निकटको क्रान्तिकारी विध्यार्थी संगठनलाई अहिले सरकारी मात लागेको छ । सत्ता र शक्तिको मदहोशमा उ भ्वाङ परेको डम्फू बजाएर दम्भको नाच नाचिरहेको छ । अर्को 'माओवादी' हटाउने तयारीमा रहेको माउ पार्टीले जस्तै 'क्रान्तिकारी' हटाउने हो कि भन्ने आशंकामा रहेको विप्लव माओवादी निकटको क्रान्तिकारी पनि नाङ्लो ठटाएर हात्ती तर्साउन खोज्ने र निजी दुनो सोझ्याउन दौडधुपमा लागेको प्रष्टै देखिन्छ । यी दुवै संगठनलाई 'मुद्दा'मा भन्दा पनि बढी पैसा(सत्ता)मा सरोकार बढी देखिन्छ । विपरीत जस्तो देखिने तर एउटै प्रवृत्ति यी संगठनमा हावी देखिन्छ । अर्को छ काम ठ्याक्कै क्रान्तिकारी गर्न नसके पनि क्रान्तिकारी माओवादी नाम गरेको पार्टी निकटको क्रान्तिकारी । यो संगठन तुलनात्मक रूपमा केही इमान्दार देखिए पनि अन्य दुई संगठनमा रहेका प्रवृत्तिगत रोगहरू यसमा पनि देखिन्छ । तर यो संगठनको मूल प्रवृत्ति त्यो होइन । कमजोर छ तर बलियो हुने प्रयासमा देखिन्छ । आम गरिखाने वर्गका विध्यार्थीहरूले थारै भएपनि यो संगठनप्रति आशा, भरोसा गर्न खोजेको देखिन्छ । अगामी दिनमा यो संगठनले कसरी आफ्ना नीति कार्यक्रम लिएर आम विध्यार्थी माझमा जान्छ, धेरै कुरा त त्यसमा निर्भर गर्छ । तर पनि यो संगठन अहिले श्रमजीवि वर्गका लागि 'नहुनुभन्दा कानो मामा निको' जस्तो भएको छ ।

नेपालमा यदि कोही 'कम्युनिष्ट' छ भने उ भनेको मोहन वैद्य'किरण' हो, धेरैले भनेका छन् । उनैको नेतृत्वमा भएको पार्टी निकट विध्यार्थी संगठन भएर पनि होला- बुधबार मात्र सम्पन्न राष्ट्रिय भेलाबाट अध्यक्ष बनेका सेवन्तराज भण्डारी नेतृत्वको अखिल (क्रान्तिकारी)लाई धेरैले आशाको नजरले हेरेका छन् । यो संगठनले उल्लेखित शैक्षिक माफिया, व्यापारीहरूका विरुद्ध 'लाल आतंक' खडा गर्दै वर्तमान बुर्जुवा शिक्षा प्रणालीलाई मात्र होइन, असफलसिद्ध संसदीय व्यवस्थालाई जरैदेखि उखेलेर फाल्नेगरी नयाँ आन्दोलनको आँधिबेहरी सृष्टि गर्न सकोस्, साँच्चै 'सडक बाघ'को नयाँ गर्जनसहित आम विध्यार्थीबीचमा स्थापित बनेर अगाडि बढ्न सकोस् । हार्दिक शुभकामना !

# क्रान्तिकारी पत्रकार महासंघ नवलपरासीको संयोजकमा राजु पोख्रेल

नवलपरासी । नवलपरासीको कावासोतीमा आइतबार सम्पन्न क्रान्तिकारी पत्रकार महासंघ नवलपरासीको तेस्रो जिल्ला सम्मलनले राजु पोखरेललाई अध्यक्षमा निर्वाचित गरेको छ । सम्मेलनले २१ सदस्यीय नयाँ कार्य समिति सर्वसम्मत रूपमा चयन गरेको छ ।

चार सदस्यपछि थप गर्ने गरी उपाध्यक्षामा लोकनाथ पंगेनी र सोनकली चौधरी, सचिवमा गणेश पाण्डे, सहसचिवमा भिम राना, कोषाध्यक्षमा शोभा जिशी चयन भएका छन् ।

त्यस्तै सदस्यहरूमा बुद्धि भुजेल, सपना खड्का, सम्झना सुवेदी, इन्दिरा विश्वकर्मा, भुपेन्द्र भट्टराई, प्रदिप पौडेल, चेतन न्यौपानेलगायत चयन भएका छन् ।

सम्मेलनको उद्घाटन कार्यक्रममा बोल्दै क्रान्तीकारी पत्रकार महासंघका केन्द्रिय महासचिव केशरमणी कटुवालले पत्रकारहरूको कलम परिवर्तनको पक्षमा चल्नु पर्नेमा जोड दिए भने महासंघका केन्द्रीय सचिव रामकुमार श्रेष्ठ, क्रान्तिकारी माओवादीका केन्द्रीय सचिवालय सदस्य तथा अवध राज्य संयोजक प्रेम सुवेदी, केन्द्रीय सदस्य अशोक लम्साल, नेपाल पत्रकार महासंघ नवलपरासीका अध्यक्ष नारायण शर्मा, उपाध्यक्ष विरेन्द्र पराजुली, प्रेस चौतारीका केन्द्रीय सदस्य विद्रोही गिरी, प्रेस सेन्टरका केन्द्रीय सदस्य दिपक भट्टराई, प्रेुस सोसाईटीका अध्यक्ष हरिषचन्द्र पोख्रेल, स्वतन्त्र पत्रकार संघका अध्यक्ष शालिक कोईराला लगायतले सम्मेलनमा शुभकामना मनतव्य राखेका थिए ।

# विचौलियाको प्रतिरोधमा पोखराका स्वरोजगार व्यवसायी

पोखरा । पोखरा पृथ्वी चोक स्थित सस्तो बजारका व्यावसायीमाथि भएको विचौलियको आक्रमणको प्रतिरोधमा स्वरोजगार व्यावसायी उत्रिएका छन् । उनीहरूले पटक पटक सस्तो बजार हटाउन आउने गुण्डाहरूलाई लखेटेका छन् ।

करिब ५ बर्षदेखि सञ्चालनमा रहेको सस्तो बजारका २१७ स्वरोजगार खुुद्रा व्यवसायी श्रमिकहरूमाथि राज्य प्रशासन र ठेकेदारहरूले पटक पटक दमन, धरपकड र रोजगारी खोस्ने दुष्प्रयासप्रति गर्दै आएका छन् ।

बुधबारदेखि यस क्षेत्रमा निरन्तर तनाव बढिरहेको छ र स्वरोजगार व्यवसायीहरू विचौलिया ठेकेदार, गुण्डा र फटाहाका विरुद्ध निरन्तर लडिरहेका छन् । उनीहरूलाई नेकपा (क्रान्तिकारी माओवादी), पार्टी निकट ट्रेड यूनियन महासंघ लगायत अन्य राजनीतिक दल, नागरिक समाज, मानवअधिकारकर्मी र पत्रकारहरूले निरन्तर साथ दिंदै आएका छन् ।

वायुसेवा निगमको स्वामित्वमा रहेको सस्तो बजारको जग्गा टेन्डरमा लगाएर साना व्यवसायीहरूबाट लाखौं असुल्दै आउका विचौलियाहरू कमिसनका लागि साना स्वरोजगार व्यावसायीहरूलाई विस्थापित गराउन राज्य शक्तिको समेत दुरूपयोग गर्दै आएका छन् ।


नेपाल सरकार

सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय

जिल्ला विकास समितिको कार्यालय, पर्वत

## जन्म मृत्यु तथा अन्य व्यक्तिगत घटना समयमै दर्ता गरौं

**व्यक्तिगत घटना दर्ता कहाँ गर्ने ?**

जन्म मृत्यु, विवाह, वसाई सराई र सम्बन्धविच्छेद जस्ता व्यक्तिगत घटनाहरू घटेको ३५ दिनभित्र आफू बस्ने गाउँ विकास समितिका स्थानीय पञ्जिकाधिकारी (सचिव) वा नगरपालिकाको स्थानीय पञ्जिकाधिकारी कहाँ गई दर्ता गराउनु पर्दछ ।

**व्यक्तिगत घटना दर्ता कसले गर्ने ?**

- जन्म तथा मृत्युको घटना परिवारको मुख्य व्यक्तिले ।
- विवाहको घटना पति पत्नी दुवैले ।
- बसाइँ सराईको घटना परिवार भए परिवारको मुख्य व्यक्तिले र व्यक्ति भए बसाइँसराई गरी जाने व्यक्तिले ।

**कसरी गर्ने ?**

गाउँ विकास समिति वा नगरपालिकामा निशुल्क पाइने फारम भरी घटना भएको मितिले ३५ दिन भित्र घटना दर्ता गर्नु पर्दछ ।



## 'सुविधा सम्पन्न आवास, गौली ग्रुपको प्रयास'

विगत १५ वर्षदेखि घरजग्गाको कारोबारमा अत्यन्तै विश्वासिलो र भरपर्दो संस्था




गौली ग्रुपको विशेषताहरू

१. शून्य रकममा घडेरी पास गर्न सकिने ।
२. आफूले चाहे जति मोहडाका घडेरी लिन सकिने ।
३. नगर विकासको आधारभूत मापदण्ड पूरा गरिएको ।
४. बिजुली, खानेपानी र टेलिफोनको सुविधा भएको ।
५. फराकिलो बाटो भएको ।
६. रकम कम हुनेको लागि फाइनान्सको सुविधा भएको ।
७. सरल ढंगले घडेरी पास गर्न सकिने ।
८. गौली ग्रुपसँग घडेरी खरिद गर्ने ग्राहकले उक्त घडेरी पुनः बिक्री गर्न चाहेमा मुनाफा दिई संस्थाले नै खरिद गर्ने साथै अर्को घडेरीसँग एक्सचेञ्ज पनि गर्न सकिने ।

## गौली ग्रुप डेभलपर्स प्रा.लि.

भरतपुर चितवन, फोन ०५६-५२०९३७,

इमेल : gauligroup@gmail.com



## पोखरा उप-महानगरपालिकाको सूचना

- आफ्नो घर भान्छाको फोहर सड्ने र नसड्ने (प्राङ्गारिक, अप्राङ्गारिक) गरि विभाजन गरौं । सड्ने फोहरलाई मल बनाऔं । नसड्ने फोहरलाई बर्गिकरण गरि नगरपालिकाको फोहर बोक्ने गाडीमा पठाऔं ।
- जथाभावी सडक पेटीमा फोहर नफालौं, सम्भावित जरिवानाबाट बचौं ।
- सडेगलेका बस्तु बिक्रि वितरण र प्रयोग नगरौं ।
- पशु चौपायाहरूलाई खुला र छाडा नछाडौं ।
- सडकपेटी र बाटो अवरुद्ध हुनेगरि निर्माण लगायत कुनैपनि सामाग्री नराखौं ।
- छतको पानीलाई सार्वजनिक बाटोमा नखसालौं । स्वयं घरधनीले उचित व्यवस्थापन गरौं ।
- १६ बर्षभन्दा कम उमेरका बालबालिकालाई श्रममा नलगाऔं ।
- पोलिथिन झोला (४० माइक्रोनभन्दा कम) र गिलास प्रयोग नगरौं ।
- भूकम्प प्रतिरोधात्मक संरचना र आवास निर्माण गरौं ।
- खुल्ला राखिएका, फोहरपानी प्रयोग गरिएका, झिंगा भन्केका माछा मासु खरिद बिक्रि नगरौं/नगराऔं ।
- घर तथा भवन निर्माण पूर्व आफ्नो जग्गाको भूबनोट आदिमा विचार पुऱ्याऔं । विज्ञ प्राविधिकहरूको राय सल्लाह लिएर मात्र कार्य गरौं ।
- समयमै कर तिरौं । सभ्य नागरिकको परिचय दिऔं ।
- जन्म, मृत्यु, विवाह, बसाईसराई लगायतका घटनादर्ताहरू समयमै गरौं ।

पोखरा उप-महानगरपालिका कार्यालय

पोखरा, फोन- ०६१, ५२११०५





प्रकाशक : रामसिंह बुढाथोकी, प्रबन्ध निर्देशक : बद्री बजगाईं, सम्पादक : इन्द्रबहादुर राउत, सहसम्पादक : केशरमणि कटुवाल, फोटोः जय दाहाल, कार्यालय : बुद्धनगर, काठमाडौं, सम्पर्क नं. : ०१-४७८५७६३/९८५११३४८३०, इमेल : bargadristi073@gmail.com, मुद्रण : सुजल अफसेट प्रेस, बागबजार, काठमाडौं ।